



गण्डकी प्रदेश सरकार

# प्रदेश आर्थिक सर्वेक्षण




गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना




पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)

गण्डकी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

जेष्ठ, २०८१

# प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा

गण्डकी प्रदेशको आर्थिक, सामाजिक तथा भौतिक विकासको अवस्थालाई वस्तुपरक ढङ्गले प्रतिबिम्बित गर्ने उद्देश्यले आर्थिक वर्ष २०७८/७९ देखि वार्षिक बजेट पेश गर्नुभन्दा अघि आर्थिक सर्वेक्षण सार्वजनिक गर्ने कार्यको शुरुवात गरिएको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ ले प्रदेशको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेश गर्न सक्ने व्यवस्था गरेको छ।

आर्थिक वर्ष २०८०/८१ सम्मका गतिविधि तथा आयोजना कार्यक्रमका उपलब्धीहरू समेटेर यो आर्थिक सर्वेक्षण प्रकाशन गरिएको छ। यस आर्थिक सर्वेक्षण प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्क, विवरण एवम् सूचना प्रदेश सरकारका विषयगत मन्त्रालय, निकाय र विभिन्न संघ/संस्थाबाट प्राप्त तथा प्रकाशित प्रतिवेदन, बुलेटिन तथा अन्य सूचनामुलक सामग्रीहरू समावेश गरिएको छ। प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा चार्ट, तालिका र अनुसूची तयार गरी प्रस्तुत गरिएको छ।

प्रदेश स्थापना कालदेखिका उपलब्धी झल्किने तथ्याङ्क सर्वेक्षणमा समावेश गर्ने प्रयत्न गरिएको छ। यद्यपि, तथ्याङ्क व्यवस्थापनका लागि छुट्टै निकायको व्यवस्था नहुँदा र कतिपय कार्यक्रमहरूमा नियमित अनुगमन तथा नतिजा मापन र अभिलेखिकरणको अभाव महसुस गरिएको छ। यसभन्दा अघिको आर्थिक सर्वेक्षणमा भन्दा कतिपय विषयमा थप तथ्याङ्क एवम् सूचना अद्यावधिक र विस्तृतीकरण गरी राखिएकाले यस अघिका आर्थिक सर्वेक्षण प्रतिवेदन भन्दा यो प्रतिवेदन केही फरक पर्न सक्नेछ।

प्रदेश आर्थिक सर्वेक्षणलाई थप वस्तुपरक एवम् विश्लेषणात्मक बनाउन नयाँ विषयवस्तु समेट्ने प्रयास गरिएको छ। सम्भव भएसम्म फागुन महिनाको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ भने विषय क्षेत्र तथा तथ्याङ्क उपलब्धताका आधारमा असार मसान्त, शैक्षिक सत्र, वर्ष एवम् उपलब्ध तथ्याङ्कलाई समेटी सर्वेक्षण तयार गरिएको छ। प्रदेश सरकारको राजस्वमा प्रदेश सरकारको आन्तरिक राजस्व र संघ सरकारबाट प्राप्त राजस्व समावेश गरिएको छ। अन्य प्राप्ती शीर्षकमा गत आर्थिक वर्षको नगद मौज्दात तथा बेरुजु प्राप्तीको रकम समावेश गरिएको छ।

**जेठ, २०८१**

**गण्डकी प्रदेश सरकार**
**आर्थिक मामिला मन्त्रालय**

# प्राक्कथन

गण्डकी प्रदेशको आर्थिक, सामाजिक एवम् भौतिक स्थितिको अद्यावधिक विवरण प्रस्तुत् गर्ने उद्देश्यले यो प्रदेश आर्थिक सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको छ। प्रदेश सरकारको स्थापना पश्चात् सार्वजनिक भएका पाँच आर्थिक वर्षका वार्षिक बजेट तथा कार्यक्रमहरूको उपलब्धि र छैटौं वर्षमा सञ्चालित आयोजना तथा कार्यक्रमहरूको प्रारम्भिक विवरणलाई संश्लेषण गरी मापनयोग्य परिसूचकहरू गणना र आर्थिक सर्वेक्षण सार्वजनिक गर्नु सहज कार्य होइन। यद्यपि, नेपाल सरकारका प्रकाशित प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित विभिन्न विषयका समष्टिगत तथा खण्डीकृत तथ्याङ्क, विषय क्षेत्रगत मन्त्रालयबाट प्राप्त प्रगति विवरण र विभिन्न सार्वजनिक निकायका अद्यावधिक प्रकाशन, अध्ययन प्रतिवेदनका आधारमा यथासम्भव यथार्थपरक विश्लेषण गरिएको छ।

नेपालले खुला बजार अर्थतन्त्र अवलम्वन गरेको अवस्थामा समग्र रूपमा राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय अर्थतन्त्रको प्रभाव गण्डकी प्रदेशमा पनि परेको छ। गत आर्थिक वर्षको तुलनामा प्रदेशको आर्थिक वृद्धिदरमा केही सुधारको सङ्केत देखिए पनि अन्य सूचकहरूमा अपेक्षाकृत प्रगती हासिल हुन सकेको छैन। तथापी, प्रदेशगत तुलनामा गत आर्थिक वर्ष जस्तै चालु आर्थिक वर्षमा पनि गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा उच्च रहने अनुमान छ। आर्थिक विकासका साथै केही सामाजिक क्षेत्रमा पनि महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। आधारभूत खानेपानीको पहुँच विस्तार, केही कृषि उत्पादन र क्षेत्रफल विस्तार, सामुहिक खेती प्रबर्द्धन, महिला सशक्तिकरण लगायतका आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति हासिल भएका छन्।

अन्त्यमा गण्डकी प्रदेश सरकारको समग्र आर्थिक सामाजिक स्थितिका सम्बन्धमा जानकारी लिन तथा थप विश्लेषण गर्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिइएको छ। गण्डकी प्रदेश आर्थिक सर्वेक्षण २०८०/८१ तयार गर्ने क्रममा तथ्य, तथ्याङ्क, सूचना एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुभएका सबै निकाय पदाधिकारी तथा सरोकारवाला, विश्लेषण कार्यमा सहयोग गर्नुभएका नेपाल सरकार, अर्थ मन्त्रालय तथा गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयका कर्मचारी लगायत सम्वद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

जेठ, २०८१

**माननीय डा. टकराज गुरुङ**
**आर्थिक मामिला मन्त्री**

# विषय सूची


| | |
|---|---|
| प्रदेश आर्थिक सर्वेक्षण सम्बन्धमा | I |
| प्राक्कथन | II |
| विषयसूची | III |
| अनुसूची | IV |
| तालिकासूची | V |
| चार्टसूची | VII |
| कार्यकारी सारांश | VIII |
| १. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र | १ |
| २. सार्वजनिक वित्त | ६ |
| ३. वित्तीय क्षेत्र | १४ |
| ४. कृषि, वन, भूउपयोग तथा वातावरण | १९ |
| ५. गरिबी निवारण, श्रम तथा रोजगारी | ३१ |
| ६. ऊर्जा, सिञ्चाई तथा खानेपानी | ३४ |
| ७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार | ३६ |
| ८. उद्योग, वाणिज्य तथा पर्यटन | ४० |
| ९. सामाजिक क्षेत्र | ४५ |
| १०. सुशासन, शान्ति सुरक्षा तथा विविध | ६१ |

# अनुसूची


| | | | |
|---|---|---|---|
| अनुसूची १.१ | : | गण्डकी प्रदेशको वार्षिक मूल्य अभिवृद्धि, औद्योगिक वर्गीकरण अनुसार (रू.दश लाखमा) | ६८ |
| अनुसूची १.२ | : | राष्ट्रिय जीडीपीमा गण्डकी प्रदेशको योगदान, औद्योगिक वर्गीकरण अनुसार (प्रतिशतमा) | ६९ |
| अनुसूची १.३ | : | गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरण अनुसारको योगदान (प्रतिशतमा) | ७० |
| अनुसूची १.४ | : | औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा) | ७१ |
| अनुसूची १.५ | : | गण्डकी प्रदेशको राष्ट्रिय लेखा आयका महत्वपूर्ण परिसूचकहरू, प्रमुख क्षेत्रगत आधारमा | ७२ |
| अनुसूची १.६ | : | गण्डकी प्रदेशको प्रतिव्यक्ति आय सम्वन्धी परिसूचकहरू | ७३ |
| अनुसूची २.१ | : | गण्डकी प्रदेश सरकारको वित्तीय प्रगति | ७४ |
| अनुसूची २.२ | : | प्रदेश सरकारको आयस्रोत विवरण | ७५ |
| अनुसूची २.३ | : | प्रदेश सरकारको आन्तरिक स्रोत विवरण | ७६ |
| अनुसूची २.४ | : | प्रदेश सरकारको साधन स्रोत तथा खर्चको स्थिति | ७७ |
| अनुसूची २.५ | : | बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति | ७८ |

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका २-क : | प्रदेश सरकारको वित्तको आकार (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | ७ |
| तालिका २-ख : | प्रदेश सरकारको तुलनात्मक खर्च स्थिति (रु लाखमा) | ८ |
| तालिका २-ग : | प्रदेश सरकारको आयको प्रमुख शिर्षकगत विवरण (रू.हजारमा) | १० |
| तालिका २-घ : | प्रदेश सरकारको आयको संरचना (प्रतिशतमा) | १० |
| तालिका २-ङ : | संघ सरकारबाट प्राप्त अनुदानको खर्चगत उपलब्धि (प्रतिशतमा) | ११ |
| तालिका २-च : | स्थानीय तहलाई भएको विनियोजनको तुलानामा हस्तान्तरण (प्रतिशतमा) | १२ |
| तालिका २-छ : | सवारी साधन कर सङ्कलन तथा बाँडफाँट (प्रतिशतमा) | १३ |
| तालिका ३-क : | वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या | १४ |
| तालिका ३-ख : | बैङ्कहरूबाट भएको कर्जा लगानीको एकिकृत विवरण (रू. अर्बमा) | १५ |
| तालिका ३-ग : | बैङ्किङ्ग सेबा सम्बन्धी सूचकहरू | १६ |
| तालिका ३-घ : | गण्डकी प्रदेशमा दर्ता कायम भएका सहकारीहरूको जिल्लागत विवरण | १६ |
| तालिका ३-ङ : | गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण (रकम रू.हजारमा) | १७ |
| तालिका ३-च : | गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या | १८ |
| तालिका ४-क : | प्रमुख कृषि बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २० |
| तालिका ४-ख : | खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २१ |
| तालिका ४-ग : | दलहन बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २२ |
| तालिका ४-घ : | नगदेबाली उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २२ |
| तालिका ४-ङ : | मसलाबालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २३ |
| तालिका ४-च : | फलफूल उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा) | २३ |
| तालिका ४-छ : | पशुपन्छीको विवरण (सङ्ख्यामा) | २४ |
| तालिका ४-ज : | दुध, अन्डा तथा मासु उत्पादन | २५ |
| तालिका ४-झ : | वन क्षेत्रको विवरण | २९ |
| तालिका ३-ञ : | भू-उपयोगको स्थिती | २९ |
| तालिका ५-क : | प्रदेशगत निरपेक्ष गरिबीको अवस्था | ३१ |
| तालिका ५-ख : | प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था | ३२ |
| तालिका ५-ग : | प्रधानमन्त्री रोजगार कार्यक्रममा खटिनेको प्रदेशगत अवस्था | ३२ |
| तालिका ५-घ : | सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाता र योगदानकर्ता | ३३ |
| तालिका ६-क : | ऊर्जा क्षेत्रका उपलब्धी | ३४ |
| तालिका ६-ख : | सिंचाइ तथा तटबन्धन निर्माण | ३५ |
| तालिका ६-ग : | निजी धारा जडानको विवरण (सङ्ख्यामा) | ३५ |
| तालिका ७-क : | प्रदेशगत सडक सञ्जाल (प्रादेशिक तथा स्थानीय सडकसहित) | ३६ |

| | | |
|---|---|---|
| तालिका ७-ख : | प्रदेश भित्र निर्माण गरेको नयाँ सडकको लम्बाई (किलोमिटरमा) | ३६ |
| तालिका ७-ग : | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि | ३७ |
| तालिका ७-घ : | गण्डकी प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरू | ३८ |
| तालिका ७-ङ : | नेपाल टेलिकमले प्रवाह गर्ने सेवाको जिल्लागत विवरण | ३९ |
| तालिका ८-क : | प्रादेशिक रुपमा दरता लघु, घरेलु तथा साना उद्योग विवरण | ४१ |
| तालिका ८-ख : | प्रदेश औद्योगिक क्षेत्रको अवस्था | ४३ |
| तालिका ८-ग : | गण्डकी प्रदेशमा प्रवेश गरेका पर्यटकको विवरण | ४४ |
| तालिका ८-घ : | गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे | ४४ |
| तालिका ९-क : | प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार) | ४६ |
| तालिका ९-ख : | प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार) | ४६ |
| तालिका ९-ग : | गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्नादर (शैक्षिक सत्र अनुसार) | ४८ |
| तालिका ९-घ : | सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण (शैक्षिक वर्ष अनुसार) | ४९ |
| तालिका ९-ङ : | सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र अनुसार) | ५० |
| तालिका ९-च : | गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या | ५१ |
| तालिका ९-छ : | प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण | ५१ |
| तालिका ९-ज : | गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या | ५२ |
| तालिका ९-झ : | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू | ५३ |
| तालिका ९-ञ : | प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण* | ५३ |
| तालिका ९-ट : | विभिन्न विषयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक वर्ष २०८०) | ५४ |
| तालिका ९-ठ : | प्रदेशगत रूपमा प्रवाहित स्वास्थ्य सेवा | ५५ |
| तालिका ९-ड : | स्वास्थ्य सेवा र सुविधामा विस्तार | ५६ |
| तालिका ९-ढ : | निःशुल्क खोपको स्थिति (पटक सङ्ख्यामा) | ५७ |
| तालिका ९-ण : | भौगोलिकक्षेत्र अनुसार परिवार संख्या र जनसंख्या,२०७८ | ६० |
| तालिका १०-क : | उजुरी र फछ्र्यौटको विवरण | ६१ |
| तालिका १०-ख : | प्रदेश मातहतका १९५ सरकारी निकायको लेखापरीक्षण | ६२ |
| तालिका १०-ग : | सञ्चित बेरुजु, फछ्र्यौट तथा समपरीक्षणको विवरण (रू हजारमा) | ६२ |
| तालिका १०-घ : | बेरुजुको वर्गीकरण (रू हजारमा) | ६३ |
| तालिका १०-ङ : | प्रदेशगत बेरुजुको तुलनात्मक अवस्था (रकम रू. हजारमा) | ६३ |
| तालिका १०-च : | लैंगिक उत्तरदायी बजेट (रु करोडमा) | ६४ |
| तालिका १०-छ : | जलवायु परिवर्तन बजेट विनियोजनको अवस्था (रु करोडमा) | ६४ |
| तालिका १०-ज : | आर्थिक वर्ष २०७९/८० को सिफारिस विवरण | ६६ |
| तालिका १०-झ : | आर्थिक वर्ष २०८०/८१ को जेष्ठ मसान्त सम्मको सिफारिस विवरण | ६६ |
| तालिका १०-ञ : | प्रदेश सभामा सम्पन्न समितिगत बैठक | ६७ |
| तालिका १०-ट : | प्रदेश पक्ष भइ दाय भएका मुद्दाको विवरण | ६७ |

# चार्ट सूची


चार्ट १-क : औद्योगिक समुह अनुसार कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान ३
चार्ट १-ख : गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना ४
चार्ट १-ग : गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान ५
चार्ट १-घ : पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा) ५
चार्ट २-क : प्रदेश सरकारको बजेट र राजस्व सन्तुलनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) ६
चार्ट २-ख : प्रदेश सरकारको खर्च संरचना (प्रदेश सरकारको खर्च प्रतिशतमा) ८
चार्ट २-ग : प्रदेश सरकारको राजस्व संरचना (कुल राजस्वको अनुपातमा) ९
चार्ट २-घ : संघ सरकारबाट प्राप्त अनुदानको संरचना ११
चार्ट ३-क : शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको हिस्सा १५
चार्ट ३-ख : व्यवसायिक जीवन रक्षा कोष अन्तर्गत क्षेत्रगत कर्जा प्रवाह १८
चार्ट ४-क : गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान(प्रतिशतमा) १९
चार्ट ४-ख : प्रमुख कृषि बालीको क्षेत्रफल तथा उत्पादन संरचना २०
चार्ट ४-ग : चालु आर्थिक वर्षमा प्रदेशको खाद्यान्न बालीको संरचना (प्रतिशतमा) २१
चार्ट ७-क : गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता ३८
चार्ट ८-क : गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान (प्रतिशतमा) ४०
चार्ट ८-ख : उद्योग र वाणिज्य फर्महरुको जिल्लागत विवरण (सङ्ख्यामा) ४२
चार्ट ९-क : कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत) ४५
चार्ट ९-ख : जिल्लागत साक्षरता दर (५+ उमेर समूह) ४६
चार्ट ९-ग : गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८०) ४७
चार्ट ९-घ : प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (शैक्षिक सत्र २०८०) ४९
चार्ट ९-ङ : कुल गार्हस्थ्य उत्पादनमा मानव स्वास्थ्य तथा सामाजिक कार्यको योगदान (प्रतिशतमा) ५५

# कार्यकारी सारांश

आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा २.२ प्रतिशतले विस्तार भएको नेपालको राष्ट्रिय अर्थतन्त्र २०८०/८१ मा ३.५ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७९/८० मा औसत ७.७ प्रतिशत रहेको उपभोक्ता मुद्रास्फीति २०८०/८१ मा केहि कम भई ६.१ प्रतिशत हुने अनुमान छ।

सोही अवधिमा गण्डकी प्रदेशको अर्थतन्त्र आधारभूत मूल्यमा ४.२ प्रतिशतले विस्तार भई रू. ५ खर्ब १६ अर्ब ७० करोड पुग्ने अनुमान छ। गत आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन ३.७ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि बन तथा मत्स्य समेटिएको प्राथमिक क्षेत्रको योगदान २६.४ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, द्वितीय वा उद्योग क्षेत्रको योगदान १६.८ प्रतिशत रहँदा तृतीय वा सेवा क्षेत्रले सबैभन्दा धेरै ५६.८ प्रतिशतको योगदान गरेको छ।

आर्थिक वर्ष २०७९/८० मा १ हजार ४ सय ९९ अमेरिकी डलर रहेको गण्डकी प्रदेशको प्रतिव्यक्ति आय २०८०/८१ मा १ एक हजार ५ सय ५७ अमेरिकी डलर पुग्ने अनुमान छ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश जीडीपीको १.१ प्रतिशत रहेको प्रदेश सरकारको बजेट सन्तुलन २०७९/८० मा १.० प्रतिशत रहेको छ। साथै आर्थिक वर्ष २०७८/७९ मा ०.७ प्रतिशत रहेको प्रदेश सरकारको राजस्व सन्तुलन र जीडीपीको अनुपात २०७९/८० मा समेत सोही हाराहारी रहेको छ।

आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा ५.० प्रतिशत रहेको प्रदेश सरकारको खर्चको अनुपात २०७९/८० मा ४.६ प्रतिशत रहेको छ। प्रदेश सरकारको कुल खर्चमा चालु खर्चको तुलनामा पूँजीगत खर्चको अंश उच्च रहँदै आएको छ। तथापि आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ मा कुल खर्चमा पूँजीगत खर्चको अनुपातमा केही कमी आउने सङ्केत देखिएको छ।

आर्थिक वर्ष २०७९/८० मा प्रदेश अर्थतन्त्रमा ८.४ प्रतिशत योगदान गरेको वित्तीय मध्यस्थकर्ता क्षेत्रको योगदान आर्थिक वर्ष २०८०/८१ मा ८.१ प्रतिशत रहने अनुमान रहेको छ। गत वर्ष वित्तीय प्रणालीमा देखिएको लगानीयोग्य रकम (तरलता) को अभाव तथा चालु आर्थिक वर्षको शुरुवात देखि नै समष्टिगत मागमा आएको संकुचनका कारण अपेक्षित रुपमा कर्जा विस्तार हुन नसक्दा यस क्षेत्रको योगदान खुम्चिने अवस्था आएको देखिन्छ।

आर्थिक वर्ष २०७९/८० मा २.८ प्रतिशतले विस्तार भएको गण्डकी प्रदेशको कृषि क्षेत्र आर्थिक वर्ष २०८०/८१ मा ३.३ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। प्रदेशको करिब ८६.० प्रतिशत भन्दा बढी खेतियोग्य जमिनमा लगाइने खाद्यान्न बालीको उत्पादनमा भएको वृद्धिका कारण यस क्षेत्रको विस्तार फराकिलो भएको हो।

आर्थिक वर्ष २०७९/८० सम्म नेपालको निरपेक्ष गरिबी १५.१ प्रतिशत रहेको मानिदै आएकोमा चौथो नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०८० को नतिजाले त्यस्तो गरिबी बढेर २०.२७ प्रतिशत पुगेको औंल्याएको छ। गरिबीको दरमा भएको वृद्धिसँगै नेपालको मानव विकास सूचकाङ्क समेत ०.६१८ बाट ०.६०१ मा झरेको छ। पछिल्लो तथ्याङ्क अनुसार गण्डकी प्रदेशको निरपेक्ष गरिबी ११.८ प्रतिशत रहेको छ, जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा न्यून हो।

आर्थिक वर्ष २०७९/८० सम्म गण्डकी प्रदेशका ९९.५० प्रतिशत घरधुरीमा पुगेको नवीकरणीय उर्जा (सौर्य र लघु जलविद्युत समेत) को पहुँच आर्थिक वर्ष २०८०/८१ मा ९९.७५ प्रतिशत घरधुरीमा पुग्ने अनुमान छ। त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा प्रदेशको विद्युत उत्पादन (जडित) क्षमता ९३३ मेगावाट र प्रतिव्यक्ति वार्षिक विद्युत खपत २७० किलोवाट प्रति घण्टा पुग्ने अनुमान छ।

आर्थिक वर्ष २०७९/८० सम्म प्रदेशका १८.२० प्रतिशत जनसङ्ख्यामा पुगेको मध्यम तथा उच्च गुणस्तरको खानेपानीको पहुँच आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म १९.० प्रतिशत जनसङ्ख्यामा पुग्ने अनुमान छ। आधारभूत स्तरको खानेपानी र सरसफाईको पहुँच क्रमशः ९५.० प्रतिशत र १००.० प्रतिशत जनसङ्ख्यामा पुगेको छ।

आर्थिक वर्ष २०७९/८० सम्म गण्डकी प्रदेशको क्षेत्रभित्र ९७१० कि. मि कच्ची, १३१९ कि.मि ग्राबेल र ६९९ कालोपत्रे गरी कुल ११ हजार ७ सय २८ कि.मि प्रादेशिक र स्थानीय सडक रहेको छ । नेपालको कुल सडकमा प्रदेशको सडक हिस्सा १७.७५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म प्रदेशमा ११९.९० कि.मि कालपत्रे, ४३ कि.मि गाब्रेल र २३ कि.मि कच्ची सडक नयाँ निर्माण भएको छ।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशमा ३६६७ लघु घरेलु तथा साना उद्योगहरु नयाँ दर्ता भएका छन्। ती उद्योगहरुमा कुल रू.८ अर्ब ६० करोड लगानी भई ११ हजार ४६७ रोजगारी सिर्जना भएको अनुमान छ। त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशमा ८६३ कम्पनी नयाँ दर्ता भई कुल कायम कम्पनीको सङ्ख्या १८ हजार ३८२ पुगेको छ।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या २ लाख ४५ हजार ७४९ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल १ लाख ४ हजार ४२९ विदेशी पर्यटकले

प्रदेश भ्रमण गरेका थिए।

शैक्षिक वर्ष २०८० मा आधारभूत तह (कक्षा १-५) मा प्रदेशको खुद विद्यार्थी भर्नादर गत वर्षको ९७ प्रतिशतबाट ९५.४ प्रतिशतमा झरेको छ। माध्यमिक तह (कक्षा ९-१०) मा समेत २०७९मा ७९.६६ प्रतिशत रहेको त्यस्तो भर्नादर ९५.१ प्रतिशतमा सीमित भएको छ। माध्यमिक तह (कक्षा ९-१२) मा भने खुद विद्यार्थी भर्नादर ५७.४१ प्रतिशतबाट सुधार भई ५८.८ प्रतिशत पुगेको छ।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशभित्र रहेका स्वास्थ्य संस्थाको सङ्ख्या ११८१ पुगेको छ । आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म यस्तो सङ्ख्या १०७७ रहेको थियो। प्रदेश भित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सङ्ख्या २०७९ फागुनको ६१३४ बाट बढेर २०८० फागुनसम्म ६१६६ पुगेको छ।

आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखरा कार्यालयमा रहेका कुल १४४२ विभिन्न उजुरीमध्ये ९७८ उजुरी फछ्र्यौट भएका छन् भने बाँकी विचाराधिन रहेका छन्।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका सरकारी निकाय र विभिन्न संघसस्थाको गरी कुल रू.४१ अर्ब १७ करोड ५४ लाखको लेखापरीक्षण गर्दा रू.८० करोड १६ लाख ६२ हजार बेरुजु देखिएको छ। प्रदेशमा कायम रू.२ अर्ब ६८ करोड ५५ लाख ४२ हजार बेरुजुमध्ये असुल गर्नुपर्ने ३०.६२ प्रतिशत, नियमित गर्नुपर्ने बेरुजु ५३.९ प्रतिशत र पेश्की बेरुजु १५.५ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका विभिन्न कार्यालय तथा संघसस्थाको रू.३ करोड ७३ लाख ७० हजार समायोजन र रू.२९ करोड ७९ लाख ८० हजार संपरीक्षण गरी कुल ३३ करोडभन्दा बढी बेरुजु फछ्र्यौट भएको छ।

गण्डकी प्रदेशले लैङ्गिक उत्तरदायी तथा जलवायु परिवर्तनको असरका आधारमा बजेट कोडिङ कार्यान्वयन गरिरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत ६५.७१ प्रतिशत प्रत्यक्ष लाभ हुने आयोजना तथा कार्यक्रममा विनियोजन भएको छ।

जलवायु परिवर्तनका असर न्यूनीकरण सम्बन्धी बजेट कोडिङ अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा कुल विनियोजनको ४१.८० प्रतिशत प्रत्यक्ष लाभ हुने क्षेत्रमा विनियोजन भएको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगले प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को समिक्षा सम्पन्न गरि दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को आधारपत्र प्रकाशन गरेको छ।

# १. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र

## राष्ट्रिय अर्थतन्त्र

१.१ क्षेत्रीय अशान्ती र भूराजनीतिक तनावको जोखिमका बावजुत पछिल्लो समय विश्व अर्थतन्त्रमा स्थीरताको सङ्केत देखिएका छन्। अन्तराष्ट्रिय आर्थिक परिदृश्यमा आएको सुधारका साथै केही क्षेत्र बाहेक मुलुकको आन्तरिक गतिविधिमा देखिएको बढोत्तरीका कारण अधिकांस समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक र उत्साहप्रद रहेका छन्। फलस्वरुप, कोभिड महामारी र अस्थीर विश्व अर्थतन्त्रको प्रभावका कारण संकुचित भएको अर्थतन्त्र क्रमशः बिस्तार र दवाबमुक्त हुँदै गएको छ। यद्यपि, घरजग्गा तथा निर्माण क्षेत्रमा देखिएको सुस्तता र जलवायु परिवर्तनजन्य विषमः परिस्थिति र विपद्को जोखिम भने यथावत नै रहने अनुमान छ।

### तालिका २ (क): समष्टिगत आर्थिक परिसूचक

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९*** | २०७९/८०** | २०८०/८१* |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य रू.अर्बमा) | ३८८८.७ | ४३५२.६ | ४९७६.६ | ५३४८.५ | ५७०४.८ |
| आर्थिक वृद्धिदर (आधार मूल्यको प्रतिशत) | -२.४२ % | ४.४९% | ५.२८% | २.३१% | ३.५४% |
| कृषि (प्रतिशत) | २.३२ | २.८९ | २.५० | २.७२ | ३.०३ |
| उद्योग (प्रतिशत) | -४.११ | ७.०६ | १०.७९ | १.४० | १.२० |
| सेवा (प्रतिशत) | -४.५३ | ४.७१ | ५.३२ | २.३६ | ४.५० |
| प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलरमा) | ११८० | १२८४ | १४१९ | १४०५ | १४५६ |
| उपभोक्ता मुद्रास्फीति (प्रतिशत) | ६.२ | ३.६ | ६.३ | ७.७ | ६.० |
| कुलस्थिर लगानी (जीडीपीको अनुपात) | ३०.४७ | २९.३४ | २८.९८ | २५.०८ | २४.४५ |
| कुल गार्हस्थ्य वचत (जीडीपीको अनुपात) | ५.७२ | ६.३७ | ६.५८ | ७.४१ | ७.६२ |
| तीन तहको एकीकृत खर्च (अनुदान बाहेक रू अर्बमा) | ११९१.१ | १३६२.२ | १४९०.६ | १६५६.१० | |
| चालु खर्च (जीडीपीको अनुपात) | १७.२ | १७.० | १७.३ | १७.४ | |
| पुँजीगत (जीडीपीको अनुपात) | १०.४ | ११.४ | ९.८ | ९.९ | |
| वित्तीय व्यवस्था (जीडीपीको अनुपात) | ३.० | २.८ | २.९ | ३७ | |
| सार्वजनिक ऋण दायित्व (जीडीपीको अनुपात) | ३६.९ | ३९.९ | ४०.५ | ४२.९ | ४१.९ |
| वस्तु निकासी (जीडीपीको अनुपात) | २.५ | ३.२ | ४.१ | २.९ | २.८ |
| वस्तु पै ठारी (जीडीपीको अनुपात) | ३०.८ | ३५.४ | ३८.६ | ३०.१ | २७.४ |
| शोधानान्तर स्थिति (रू अर्बमा) | २८२.४१ | १.२३ | -२५५.२६ | २८५.९ | ३३५.६३ |
| चालुखाता सन्तुलन (रू अर्बमा) | -३३.८ | -३३३.७ | -६२३.४ | -७२.२ | १८९.५ |

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९*** | २०७९/८०** | २०८०/८१* |
|---|---|---|---|---|---|
| विप्रेषण आप्रवाह (जीडीपीको अनुपात) | २२.५ | २२.१ | २०.२ | २२.८ | २५.२ |
| विदेशी मुद्रा सञ्चिति (रू अर्बमा) | १४०१.८ | १३९९.० | १२१५.८ | १५३९.४ | १८७५.० |
| सञ्चिति पर्याप्तता महिना (वस्तु तथा सेवा आयात) | ८.२ | ९.२ | १०.४ | ९.७ | १०.२ |
| निक्षेप सङ्कलन (रू अर्बमा) | ३८३९.७ | ४६६२.७ | ५०८२.८ | ५७१०.१ | ६५०८.८ |
| निजीक्षेत्रतर्फको कर्जा प्रवाह (रू अर्बमा) | ३२७६.९ | ४१३९.६ | ४६८९.० | ४९०३.३ | ५३४५.९ |
| नेप्से सूचकाङ्क (असार मसान्त) | १३६२.३५ | २८८३.४१ | २००९.४७ | २०९७.१ | - |


स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय *प्रारम्भीक अनुमान, ** संशोधित अनुमान, *** यथार्थ

१.२ आर्थिक वर्ष २०८०/८१मा नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा ३.५ प्रतिशत र उपभोक्ता मूल्यमा ३.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा २.३ प्रतिशतले बिस्तार भएको थियो।

१.३ आर्थिक वर्ष २०८०/८१ मा औसत उपभोक्ता मुद्रास्फीति ६.०८ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा त्यस्तो मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो।

१.४ आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १३.५ प्रतिशत हुने अनुमान रहेको छ। २०८० चैत मसान्तमा यस्तो वृद्धिदर ७.५ प्रतिशत रहेको छ। त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ९.० प्रतिशतसम्मले वृद्धि हुने अनुमान रहेको छ। २०८० चैतसम्म यस्तो वृद्धिदर ४.६ प्रतिशत रहेको छ।


### चार्ट १ (क): पछिल्लो ५ वर्षको राष्ट्रिय आर्थिक वृद्धिको प्रवृत्ति (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.५ विगतका वर्षहरुदेखि नै कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ। चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान केही बढ्ने अनुमान छ। कृषि क्षेत्र र उद्योग क्षेत्रको योगदान गत आर्थिक वर्ष भन्दा केही घट्ने अनुमान छ।

**चार्ट १-कः औद्योगिक समुह अनुसार कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

## प्रदेशको अर्थतन्त्र

१.६ राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्रमा देखिएको सकारात्मक सङ्केत, पेट्रोलियम पदार्थको मूल्यमा आएको कमी र विप्रेषण आप्रवाहमा वृद्धिका कारण आन्तरिक बजारको समष्टिगत मागमा भएको बढोत्तरीको प्रत्यक्ष र सकारात्मक प्रभाव गण्डकी प्रदेशको अर्थतन्त्रमा समेत परेको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर अन्य प्रदेशहरूको तुलनामा सबैभन्दा उच्च रहने अनुमान छ। खासगरि, कोभिड महामारीको अन्त्यसँगै विदेशी पर्यटकको आगमनमा भएको वृद्धिका कारण गण्डकी प्रदेशको अर्थतन्त्र विस्तार हुँदा उच्च दरको आर्थिक वृद्धि हासिल गर्न सहज भएको हो। यद्यपी, यस्तो वृद्धिलाई दिगो र समावेशी बनाउन स्थानीय अर्थतन्त्रको सुदृढिकरणमा जोड दिनु आवश्यक छ।


१.७ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू.५ खर्ब १६ अर्ब ७० करोड रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो उत्पादन रू.४ खर्ब ८४ अर्ब १२ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ९.१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० र २०७८/७९ मा यस्तो योगदान क्रमशः ८.९६ प्रतिशत र ८.८५ प्रतिशत रहेको थियो।

१.८ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ४.२३ प्रतिशत र उपभोक्ता मूल्यमा ४.५५ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.६९ प्रतिशत र ३.३० प्रतिशत रहेको थियो।

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.९ आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये प्राथमिक वा कृषि क्षेत्रको योगदान २६.४० प्रतिशत, द्वित्तीय वा उद्योग क्षेत्रको योगदान १६.८० प्रतिशत र तृतीय वा सेवा क्षेत्रको योगदान ५६.८० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २६.२० प्रतिशत, १७.३० प्रतिशत र ५६.६० प्रतिशत रहेको थियो।

### चार्ट १-खः गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना





स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ * प्रारम्भिक अनुमान

## औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान


१.१० आर्थिक वर्ष २०८०/८१ मा औद्योगिक वर्गीकरण अनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी २५.७ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, सामान्य प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षाको १२.६ प्रतिशत, शिक्षा क्षेत्रको ९.० प्रतिशत र निर्माण क्षेत्रको योगदान ८.० प्रतिशत रहने अनुमान छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मतसेवा क्षेत्रको योगदान ७.५ प्रतिशत रहँदा वित्तीय तथा बीमासम्बन्धी क्रियाकलापको ६.१० प्रतिशत, यातायात तथा भण्डारण क्षेत्रको ५.७ प्रतिशत, विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित सेवाको ५.३ प्रतिशत र घरजग्गा कारोबारका क्रियाकलाप क्षेत्रको ५.० प्रतिशत योगदान रहने अनुमान छ। अन्य क्षेत्रको योगदान भने ०.५ प्रतिशत रहने अनुमान छ।

### चार्ट १-गः गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदान




१.११ गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औसतभन्दा हरेकवर्ष माथि रहँदै आएको छ। प्रचलित मूल्यमा अमेरिकी डलरमा मापन गरिने गण्डकी प्रदेशको प्रतिव्यक्ति आय पछिल्ला आर्थिक वर्षदेखि नै क्रमशः बढ्दै आएको छ। यद्यपि, नेपाली रूपैयाँको तुलनामा अमेरिकी डलरको विनिमय दर बढ्दै गएकोले गर्दा स्थानीय मुद्रा र अमेरिकी डलरमा मापन गरिने प्रतिव्यक्ति आयको वार्षिक वृद्धिदर भने घटबढ भइरहने गरेको छ।

### चार्ट १-घः  पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आयको स्थिति (अमेरिकी डलरमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१   * प्रारम्भिक अनुमान

# २. सार्वजनिक वित्त

२.१ वित्तीय संघीयताको मर्म अनुरुप सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको सुदृढीकरणको लागि गण्डकी प्रदेश सरकार प्रतिवद्ध छ। संविधान प्रदत्त अधिकारको उपयोग गरी सार्वजनिक वित्त व्यवस्थापनका सर्वमान्य सिद्वान्त र राज्यका मार्गदर्शक कानुनको अधिनमा रहि प्रदेश सरकारले नीतिगत, कानूनी, संस्थागत व्यवस्था गर्दै समसामयिक सुधार गर्दै आएको छ।


२.२ वित्तीय संघीयतालाई कार्यान्वयन गर्न प्रदेश सरकारले खर्च व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको छ भने राजस्व अधिकार र अन्तरसरकारी वित्त हस्तान्तरणका औजारहरु प्रयोग हुँदै आएका छन्। यद्यपि, आन्तरिक स्रोत तथा राजस्व परिचालनमा कमजोर प्रदेश सरकार बजेट तर्जुमामा संघीय सरकार माथि अत्याधिक निर्भरताको अवस्थामा छ।

### प्रदेश सरकारको वित्तको आकार

२.३ आर्थिक वर्ष २०७५/७६ देखि नै प्रदेशको कुल ग्राहस्थ्य उत्पादनको तुलनामा प्रदेश सरकारको खर्चको अनुपात भन्दा आयको अनुपात उच्च रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बजेट सन्तुलन प्रदेशको कुल गार्हस्थ्य उत्पादनको १.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो अनुपात १.० प्रतिशत रहेको छ।

२.४ प्रदेश सरकारको ढुकुटी पनि शुरुआती वर्षदेखी नै राजस्व बचतमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको ०.७४ प्रतिशत रहेको राजस्व बचत २०७९/८० मा ०.७ प्रतिशत कायम रहेको छ।

### चार्ट २-कः प्रदेश सरकारको बजेट र राजस्व सन्तुलनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)




स्रोतः आर्थिक मामिला मन्त्रालयका प्रतिवेदन तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

नोटः राजस्व सन्तुलन भन्नाले राजस्व र चालु खर्चको बीचको अन्तरलाई बुझिन्छ।

२.५ आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको तुलनामा कुल खर्चको अनुपात ५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो अनुपात ४.७० प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बजेट रू.५ अर्ब ५० करोड ६० लाखले बचत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रू. ३ अर्ब ५० करोड २० लाख बचतमा रहेको छ।

२.६ आर्थिक वर्ष २०७८/७९ गण्डकी प्रदेशको राजस्व सन्तुलन रू.३ अर्ब २२ करोड ३३ लाखले बचत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रू. ३ अर्ब ४९ करोडमा रहेको छ।

### तालिका २-कः प्रदेश सरकारको वित्तको आकार (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| प्रदेश सरकारको खर्च | ४.१ | ५.९ | ६.७ | ५.० | ४.६ |
| चालु खर्च | १.५ | १.८ | २.१ | १.७ | १.६ |
| पुँजीगत खर्च | २.६ | ४.० | ४.६ | ३.३ | ३.० |
| प्रदेश सरकारको राजस्व | २.४ | २.० | २.४ | २.५ | २.२ |
| आन्तरिक राजस्व | ०.६ | ०.६ | ०.७ | ०.७ | ०.८ |
| बाँडफाँटबाट प्राप्त राजस्व | १.८ | १.५ | १.८ | १.८ | १.५ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ३.५ | ४.३ | ३.६ | ३.२ | २.५ |
| अन्य प्राप्ति | ०.२ | २.० | १.६ | ०.५ | ०.६ |
| प्रदेश सरकारको आय | ६.२ | ८.४ | ७.६ | ६.२ | ५.६ |
| बजेट बचत (+)/न्यून (-) | २.१ | २.५ | ०.९ | १.१ | १.० |
| प्रदेश सञ्चित कोष बचत (+)/न्यून (-) | २.१ | २.५ | ०.९ | १.१ | १.० |
| राजस्व सन्तुलन बचत (+)/न्यून (-) | ०.९ | ०.२ | ०.३ | ०.७ | ०.७ |

स्रोतः आर्थिक मामिला मन्त्रालय तथा राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

### प्रदेश सरकारको खर्च

२.७ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म प्रदेश सरकारको बजेट खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.३१ प्रतिशतले घटेको छ। चालु खर्च ०.४५ प्रतिशतले घट्दा पूँजीगत खर्चमा ०.३४ प्रतिशत ह्रास आएको छ।

२.८ आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा कुल बजेटको आकार नै करीब ७ प्रतिशतले घटेकोले फागुन मसान्तसम्मको खर्च पनि घटेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल विनियोजित बजेटको २५.१४ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०८०/८१ को सोही अवधीमा कुल बजेटको २४.८३ प्रतिशत खर्च भएको छ।

गत आर्थिक वर्षको तुलनामा संघ तथा प्रदेश दुबै तहका सरकारलाई स्रोत परिचालनमा चाप पर्ने देखिएपछि बजेट खर्च समेत घटेको हो

**तालिका २-खः प्रदेश सरकारको तुलनात्मक खर्च स्थिति** (रु लाखमा)

| विवरण | २०७९/८०* | | | २०८०/८१* | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | परिवर्तन |
| चालु | १३२६८९ | ४०८७२ | ३०.८ | १२७३६७.३८ | ३८६५२.८४ | ३०.३५ | -०.४५ |
| पूँजीगत | २२१४०२ | ४९४०७ | २२.३ | २०१९०४.६२ | ४४३४३.२८ | २१.९६ | -०.३४ |
| वित्तीय | ५००० | ० | ० | ५००० | ० | ० | ०.०० |
| **कुल** | **३५९०९०** | **९०२७९** | **२५.१४** | **३३४२७२** | **८२९९६.१२** | **२४.८३** | **-०.३१** |

स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१ *फागुनसम्म

२.९ आर्थिक वर्ष २०७९/८० सम्म गण्डकी प्रदेश सरकारको कुल खर्चको तुलनामा पूँजीगत खर्चको अनुपात उच्च रहँदै आए पनि चालु आर्थिक वर्षमा भने चालु खर्च केही बढ्ने सङ्केत देखिएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल खर्चमा पूँजीगत खर्च र चालु खर्चको अनुपात क्रमशः ५३.४३ प्रतिशत र ४६.५७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्तो अनुपात बढी हो।

**चार्ट २-खः प्रदेश सरकारको खर्च संरचना (प्रदेश सरकारको खर्च प्रतिशतमा)**





स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१ *फागुनसम्म

## प्रदेश सरकारको स्रोत

२.१० आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म प्रदेश सरकारले कुल रू. ६ अर्ब ९१ करोड २७ लाख राजस्व परिचालन गरेको छ। गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा त्यस्तो राजस्व रू.६ अर्ब ५६ करोड रहेको छ।

२.११ आर्थिक वर्ष २०८०/८१ को फाल्गुनसम्म प्रदेश सरकारको परिचालन गरेको कुल राजस्वमा प्रदेशको आन्तरिक राजस्व र संघबाट प्राप्त राजस्व बाँडफाँट अनुपात क्रमशः ३०.५ प्रतिशत र ६९.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असार मसान्तसम्म यस्तो अनुपात क्रमशः ३८.६ प्रतिशत र ६१.४ प्रतिशत रहेको थियो।

**चार्ट २-ग: प्रदेश सरकारको राजस्व संरचना (कुल राजस्वको अनुपातमा)**




स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८१ *फागुनसम्म

## प्रदेश सरकारको आय

२.१२ प्रदेश सरकारको कुल आयमा संघ सरकारबाट प्राप्त अनुदानको हिस्सा उच्च रहँदै आएको छ। यद्यपि पछिल्ला आर्थिक वर्षमा प्रदेश सरकारको आन्तरिक राजस्वको अंशमा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म प्रदेश सरकारको कुल आयको सबैभन्दा बढी हिस्सा संघ सरकारबाट प्राप्त अनुदानको ३९.८६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० असारसम्म त्यस्तो हिस्सा ४५.७ प्रतिशत रहेको थियो।

२.१३ गण्डकी प्रदेश सरकार राजस्व बचतको अवस्थामा रहेको छ। प्रदेश सरकारको स्रोत संरचनाको प्रवृत्ति हेर्दा औसतमा कुल आयको १० प्रतिशतको हाराहारी गत वर्षको मौज्दातबाट व्यहोर्ने गरिएको छ।

### तालिका २-गः प्रदेश सरकारको आयको प्रमुख शिर्षकगत विवरण (रू.हजारमा)

| शिर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| आन्तरिक राजस्व | ३७६३८०९ | ४४०१३८४ | ४६१३९०६ | ५७३५८४१ |
| संघीय राजस्व बाँडफाँट | ६४९११२६ | ७५०२६०६ | ७३४२३३२ | ११७६८७६ |
| संघीय वित्तीय हस्तान्तरण | १३९६८४६० | १३८७४४८० | १३१४८५३७ | ६२१४१८८ |
| रोयल्टी बाँडफाँट | ३०६७५३ | २५१८८६ | ३१८१८६ | १२७९६२ |
| मौज्दात/गत वर्षको बचत | ५८७५४१९ | २२०१५४० | ३३४६०४७ | २३३५३०२ |
| **जम्मा** | **३०४०५५६७** | **२८२३१८९६** | **२८७६९००८** | **१५५९०१६८.२८** |

स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

### तालिका २-घः प्रदेश सरकारको आयको संरचना (प्रतिशतमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| आन्तरिक राजस्व | १२.३८ | १५.५९ | १६.०४ | ३६.७९ |
| राजस्व बाँडफाँट | २१.३५ | २६.५७ | २५.५२ | ७.५५ |
| वित्तीय हस्तान्तरण | ४५.९४ | ४९.१४ | ४५.७० | ३९.८६ |
| रोयल्टी | १.०१ | ०.८९ | १.११ | ०.८२ |
| मौज्दात | १९.३२ | ७.८० | ११.६३ | १४.९८ |
| **जम्मा** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |

स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

### संघ सरकारबाट प्राप्त अनुदान

२.१४ आर्थिक वर्ष २०७९/८० मा संघ सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तरगतका अनुदानको खर्च प्रगति औसतमा ७६.७ प्रतिशत रहेको छ। त्यस्तो खर्च प्रगती आर्थिक वर्ष २०७८/७९ मा ७८.४ प्रतिशत थियो। आर्थिक वर्ष २०७९/८० मा संघ सरकारबाट प्राप्त अनुदान मध्ये सबैभन्दा बढी वित्तीय समानीकरण अनुदान खर्च भएको छ भने सबैभन्दा कम समपूरक र सशर्त अनुदान खर्च भएको छ।


### तालिका २-ङः संघ सरकारबाट प्राप्त अनुदानको खर्चगत उपलब्धि (प्रतिशतमा)

| अनुदान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण | ७०.४ | ५२.२ | ८३.० | ८१.९ | ८७.५ |
| सशर्त | ८५.३ | ६८.९ | ८७.४ | ७९.२ | ७१.७ |
| समपुरक | ०.० | ४२.४ | ७४.६ | ४३.७ | ७१.७ |
| विशेष | ०.० | ६९.० | ७८.० | ७९.७ | ७५.९ |
| जम्मा | ७०.१ | ५९.१ | ८३.५ | ७८.४ | ७६.७ |

स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

२.१५ आर्थिक वर्ष २०७९/८० मा संघ सरकारबाट प्राप्त कुल अनुदानमा वित्तीय समानीकरण अनुदानको हिस्सा सबैभन्दा धेरै ५३.० प्रतिशत रहेको छ। त्यसपछि सशर्त अनुदान ३८ प्रतिशत छ भने विशेष र समपुरक अनुदानको अनुपात क्रमशः ५ प्रतिशत र ४ प्रतिशत रहेको छ। विगत आर्थिक वर्षहरुमा पनि विभिन्न प्रकारका अनुदानको हिस्सा यस्तै प्रवृत्तिमा रहे पनि प्रदेश सरकारको प्रमुख आयस्रोतका रुपमा भने वित्तीय समानीकरण अनुदान नै रहदै आएको छ।

### चार्ट २-घः संघ सरकारबाट प्राप्त अनुदानको संरचना




स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

## स्थानीय तहलाई वित्त हस्तान्तरण

२.१६ आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको तर्फबाट स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण कुल विनियोजनको ७४.५ प्रतिशत रहेको छ। सो आर्थिक वर्षमा सबै भन्दा धेरै वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान क्रमशः ८६.८२ प्रतिशत र ८६.२७ प्रतिशत निकासा भएको छ। आर्थिक वर्ष २०७८/७९ मा औसतमा कुल विनियोजनको ७३.६ प्रतिशत निकासा भएको थियो।

### तालिका २-चः स्थानीय तहलाई भएको विनियोजनको तुलानामा हस्तान्तरण (प्रतिशतमा)

| अनुदान शिर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण | १००.० | १००.० | १००.० | १००.० | ८६.८२ |
| ससर्त | | ७३.८ | ६३.९ | ७१.५ | ४७.४७ |
| विशेष | ९७.६ | ७२.७ | ६४.२ | ६१.१ | ८६.२७ |
| समपूरक | ६०.३ | ६३.२ | ५७.४ | ६८.७ | ५६.१२ |
| **कुल** | **९६.८** | **७७.६** | **७०.१** | **७३.६** | **७४.५** |

स्रोतः आर्थिक मामिला मन्त्रालय, २०८१

## राजस्व बाँडफाँट

२.१७ सवारी साधन कर प्रदेश सरकारले संकलन गरी ६० प्रतिशत प्रदेश सञ्चित कोषमा राख्ने र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७९/८० रू १ अर्ब ८० करोड २२ लाख ११ हजार संकलन भएकोमा रू ७२ करोड ८ लाख ८४ हजार स्थानीय तहलाई बाँडफाँट भएको छ। २०७८/७९ मा सो करबापत प्रदेश सरकारले कुल १ अर्ब ४८ करोड २१ लाख ६९ हजार सङ्कलन गरी ५९ करोड २८ लाख ६८ हजार रुपैया स्थानीय तहलाई बाँडफाँट गरिएको थियो।

२.१८ आर्थिक वर्ष २०८०/८१ मा सवारी साधन करबापत रू २ अर्ब संकलन गर्ने लक्ष्य भएकोमा २०८० को फागुन मसान्तसम्म रू. एक अर्ब २८ करोड ११ लाख २० हजार वा लक्ष्यको करिब ६५ प्रतिशत कर संकलन भएको छ। सो अवधिमा संकलन भएको उक्त करमध्ये स्थानीय तहलाई रू. ५१ करोड २४ लाख ४८ हजार बाँडफाँट भएको छ।

### तालिका २-छः सवारी साधन कर सङ्कलन तथा बाँडफाँट (प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|---|
| सवारी सा. कर | १३१.४ | ११६.१ | १३७.८ | ९८.८ | १०२.१० | ६५.० |

स्रोतः आर्थिक मामिला मन्त्रालय *फागुनसम्म

२.१९ आर्थिक वर्ष २०७५/७६ देखि वार्षिक बजेटमा लक्ष्य अनुमान गरी सवारी साधन कर प्रशासन हुदै आएको छ। प्रदेश सरकारको नयाँ अभ्यासमा राजस्व अनुमान गर्ने पर्याप्त आधार तयार भइ नसकेको शुरुवाती अवस्थामा वार्षिक अनुमानभन्दा बढी कर सङ्कलन हुँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा उक्त कर लक्ष्यको ९८.८१ प्रतिशत संकलन भए पनि आर्थिक वर्ष २०७९/८० मा भने लक्ष्यको १०२ प्रतिशत संकलन भएको थियो।

# ३. वित्तीय क्षेत्र

## बैक तथा वित्तीय संस्था

३.१ आर्थिक वर्ष २०८०/८१ मा प्रचलित मूल्यमा मापन गरिएको वित्तीय मध्यस्थता सेवाको कुल मूल्य अभिवृद्धिको राष्ट्रिय गार्हस्थ्य उत्पादनमा ६.८ प्रतिशत र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ८.१ प्रतिशत योगदान रहने अनुमान छ। गत आर्थिक वर्षमा राष्ट्रिय तहमा ७.३७ र गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा बैङ्क तथा वित्तीय क्षेत्रको योगदान ८.४ प्रतिशत रहेको थियो।

### तालिका ३-कः वित्तीय संस्थाका शाखा सङ्ख्या तथा प्रतिशाखा जनसङ्ख्या


| जिल्ला | वाणिज्य बैङ्क | विकास बैङ्क | वित्त कम्पनी | लघुवित्त संस्था | जम्मा | जनसङ्ख्या | प्रतिशाखा जनसंख्या* |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ४४ | ६ | ४ | ६१ | ११५ | २५१०२७ | २१८३ |
| मनाङ | ११ | - | - | ७ | १८ | ५६५८ | ३१४ |
| लमजुङ | ४४ | ६ | २ | ५२ | १०४ | १५५८५२ | १४९९ |
| कास्की | २२७ | ८१ | १९ | ८६ | ४१३ | ६०००५१ | १४५३ |
| तनहुँ | ७८ | २४ | १ | ८९ | १९२ | ३२११५३ | १६७३ |
| स्याङ्जा | ४१ | २७ | २ | ५९ | १२९ | २५३०२४ | १९६१ |
| मुस्ताङ | १५ | १ | - | ७ | २३ | १४४५२ | ६२८ |
| बाग्लुङ | ४५ | ९ | १ | ४९ | १०४ | २४९२११ | २३९६ |
| पर्वत | २४ | १० | - | ४९ | ८३ | १३०८८७ | १५७७ |
| म्याग्दी | २१ | ९ | - | २४ | ५४ | १०७०३३ | १९८२ |
| नवलपुर | ६९ | २४ | ८ | १०५ | २०६ | ३७८०७९ | १८३५ |
| **जम्मा** | **६१९** | **१९७** | **३७** | **५८७** | **१४४०** | **२४६६४२७** | **१७१३** |

स्रोतः नेपाल राष्ट्रबैंक, वित्तीय समावेशीकरण पोर्टल, २०८१ जेठ १८

३.२ वित्तीय पहुँचका सूचकलाई आधार मान्दा गण्डकी प्रदेश वित्तीय पहुँचको दृष्टिकोणले तुलनात्मकरुपमा सहज अवस्थामा रहेको देखिन्छ। गण्डकी प्रदे शका सबै स्थानीय तहमा वाणिज्य बैकको उपस्थिति रहेको छ। आर्थिक वर्ष २०८०/८१ को जेठसम्म गण्डकी प्रदेशका ११ जिल्लामा वाणिज्य बैङ्क, विकास बैङ्क, वित्त कम्पनी र लघुवित्त संस्थाका गरी कुल १४४० शाखा रहेका छन्। जसमध्ये वाणिज्य बैङ्कका ६१६, विकास बैङ्कका १९७, वित्त कम्पनीका ३७ र लघुवित्त संस्थाका ५८७ शाखाहरू रहेका छन्।

३.३ चारै वर्गका वित्तीय संस्थाका शाखाका आधारमा प्रदेशमा प्रतिशाखा औसत जनसङ्ख्या १७१३ रहेको छ जुन राष्ट्रिय औसतभन्दा राम्रो अवस्थामा रहेको छ।

### चार्ट ३-कः शाखा संख्याका आधारमा प्रदेशमा वित्तीय संस्थाको हिस्सा




स्रोतः नेपाल राष्ट्रबैंक, वित्तीय समावेशीकरण पोर्टल, २०८१ जेठ १८

## निक्षेप तथा कर्जा लगानी

३.४ गण्डकी प्रदेशमा रहेका विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट आर्थिक वर्ष २०७९/८० मा रू.४ खर्ब ७० अर्ब ७२ करोड निक्षेप सङ्कलन भएकोमा रू.३ खर्ब ५४ अर्ब ६२ करोड कर्जा लगानी भएको थियो। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म रू.५ खर्ब २ अर्ब १८ करोड निक्षेप सङ्कलन भएकोमा रू.३ खर्ब ४७ अर्ब ३९ करोड कर्जा लगानी भएको छ।

### तालिका ३-खः बैङ्कहरूबाट भएको कर्जा लगानीको एकिकृत विवरण (रू. अर्बमा)

| कर्जा विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| कृषि क्षेत्रतर्फ प्रवाहित कर्जा | २९.२८ | ३१.४५ | २९.९५ |
| औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जा | ५०.९३ | ३७.४८ | ३१.६२ |
| सेवा क्षेत्रतर्फ प्रवाहित कर्जा | १११.४७ | १११.९० | १११.०० |
| अन्य क्षेत्रमा प्रवाहित कर्जा | १६२.१० | १७३.७९ | १७४.८२ |
| कुल कर्जा प्रवाह | ३५३.७१ | ३५४.६२ | ३४७.३९ |
| विशेष कर्जा | | | |
| सहुलियतपूर्ण कर्जा | ३१.५६ | २९.१५ | २९.९५ |

| कर्जा विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| सहुलियतपूर्ण ऋणी सङ्ख्या | २५९२६५ | २४३०१ | २१८७५ |
| व्यवसाय जीवन रक्षा कर्जा (रू करोडमा) | १.३८ | ७५.०० | ३१.८८ |
| व्यवसाय जीवन रक्षा ऋणी सङ्ख्या | | १५४६ | १३७८ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८१ *फागुनसम्म

३.५ बैङ्किङ्ग पहुँचको विस्तारसँगै बैङ्किग सेवा समेत विविधिकरण भएको छ। गण्डकी प्रदेशमा डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोबाइल बैङ्किङ्ग लगायतका बैङ्किङ्ग सेवाका औजारहरूमा उल्लेख्य विस्तार भएको छ।

### तालिका ३-गः बैङ्किङ्ग सेबा सम्बन्धी सूचकहरू

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| मोबाइल बैङ्किङ्ग सङ्ख्या (लाखमा) | २१.०० | २४.२३ | २६.८३ |
| इन्टरनेट बैंकिंग सङ्ख्या (लाखमा) | २.०० | २.०४ | २.२६ |
| डेबिट कार्ड सङ्ख्या (लाखमा) | १०.०० | १२.०६ | १२.७२ |
| क्रेडिट कार्ड सङ्ख्या (हजारमा) | १४.१० | १७.९० | १८.८० |
| प्रिपेड कार्ड सङ्ख्या (हजारमा) | १.९० | ४.४० | ६.६७ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८१ *फागुनसम्म

### सहकारी संस्था

३.६ गण्डकी प्रदेश सरकारको क्षेत्राधिकार भित्र उत्पादक, उपभोक्ता, वित्तीय, बहुउद्देश्यीय, र अन्य सेवाको क्षेत्रमा दर्ता भएका कुल सहकारी संस्था आर्थिक वर्ष २०७८/७९ मा ९३८ रहेकोमा चालु आर्थिक वर्ष २०७९/८० मा ९४२ पुगेको छ।

### तालिका ३-घः गण्डकी प्रदेशमा दर्ता कायम भएका सहकारीहरूको जिल्लागत विवरण

| जिल्ला | सहकारीको सङ्ख्या | जिल्लागत हिस्सा (प्रतिशत) |
|---|---|---|
| कास्की | २२६ | २३.९९ |
| स्याङ्जा | १३५ | १४.३३ |
| तनहुँ | १२२ | १२.९५ |
| गोरखा | ५६ | ५.९४ |
| लमजुङ | ६६ | ७.०१ |
| वाग्लुङ | १२४ | १३.१६ |
| पर्वत | ९८ | १०.४० |

| जिल्ला | सहकारीको सङ्ख्या | जिल्लागत हिस्सा (प्रतिशत) |
|---|---|---|
| म्याग्दी | ५६ | ५.९४ |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ५१ | ५.४१ |
| मुस्ताङ | ७ | ०.७४ |
| मनाङ | १ | ०.११ |
| जम्मा | ९४२ | १००.०० |

स्रोतः सहकारी रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, २०८०

३.७ दर्ता कायम सहकारीको सङख्या धेरै भए पनि नियमित अद्यावधिक भई सक्रिय रुपमा सञ्चालित सहकारी संस्थाको सङ्ख्या २०७८/७९ को अन्त्यमा ४२२ बाट २०७९/८० को अन्त्यमा ४३५ पुगेको छ ।

### तालिका ३-ङः गण्डकी प्रदेशका सहकारीहरूको आर्थिक विवरण (रकम रू.हजारमा)

| आर्थिक विवरण | २०७८/७९ | २०७९/८० |
|---|---|---|
| शेयर पूँजी | ११९१३३३६ | १२०४६३८६ |
| बचत | ५८२०७९३५ | ५८४९५४८१ |
| ऋण लगानी | ६४१०९१३९ | ६४५०४९६१ |
| बाह्य ऋण | २२७०७१७ | ० |
| शेयर लगानी | ७०७४४७ | २३२४३९० |
| जगेडा कोष | ३२५६६५६ | ३२८३९९९ |
| अन्य कोष | १७२९६१७ | १६६१०९३ |
| आयकर दाखिला | १०८७९७ | ११८२६७ |

स्रोतः सहकारी रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, २०८०

३.८ प्रदेशको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाका ५ लाख ७८ हजार ४ सय ९५ शेयर सदस्यमध्ये महिला ५३.६ प्रतिशत पुरुष ४५.८ प्रतिशत र अन्य ०.६ प्रतिशत रहेका छन्।

## बीमा

३.९ बीमा व्यवसाय क्रमशः विस्तार हुँदै गएसँगै कुल गार्हस्थ्य उत्पादनमा बीमा क्षेत्र (कुल बिमा शुल्क आर्जन) को योगदान समेत बढ्दै गएको छ। आर्थिक वर्ष २०७५/७६ मा २.६६ प्रतिशत रहेको उक्त योगदान २०७९/८० मा ३.४० प्रतिशत पुगेको छ।

३.१० वैदेशिक रोजगार बीमा बाहेक आर्थिक वर्ष २०७८/७९ मा ३८.४४ प्रतिशत जनसङख्यामा बीमाको पहुँच विस्तार भएकोमा आर्थिक वर्ष २०७९/८० मा सो जनसङख्या बढेर ३९.०३ प्रतिशत पुगेको छ । वैदेशिक रोजगार बीमा सहित हेर्ने हो भने बीमाको दायरामा आएको जनसङख्या सो अवधीमा ४१.३९ प्रतिशतबाट बढेर ४४.३८ प्रतिशत पगेको छ।

३.११ २०८० असारसम्म देशभरमा बीमा कम्पनीका कुल २,२९२ जीवन बीमा र १,०३७ निर्जीवन बीमा शाखाहरू रहेकोमा गण्डकी प्रदेशभित्र यस्तो सङ्ख्या क्रमशः २२२ र १३७ रहेको छ।

### तालिका ३-चः गण्डकी प्रदेशमा रहेका बिमकको शाखा सङ्ख्या


| बिमकको प्रकार | २०७६ फागुन | २०७७ फागुन | २०७८ फागुन | २०७९ फागुन | २०८० असार |
|---|---|---|---|---|---|
| जीवन बीमा | १८२ | १९६ | २३१ | २२२ | १९६ |
| निर्जीवन बीमा | १५४ | १२५ | १३७ | १३७ | १३१ |
| **जम्मा** | **३३६** | **३२१** | **३६८** | **३५९** | **३२७** |

स्रोतः राष्ट्रिय बिमा प्राधिकरण, वार्षिक प्रतिवेदन २०७९/८०

### व्यवसाय जीवन रक्षा कोष

३.१२ कोभिड महामारीले विश्व अर्थतन्त्रमा शिथिलता आएपश्चात् महामारीबाट प्रभावित भएका व्यवसायलाई सहुलियत प्रदान गर्न ब्याज अनुदान प्रदान गर्ने गरी आर्थिक वर्ष २०७७/७८ देखि गण्डकी प्रदेश सरकारमार्फत 'व्यवसाय जीवन रक्षा कोष÷ कार्यक्रम सञ्चालनमा रहेको छ। उक्त कोषमार्फत कुल १,६३८ जनालाई रू.१ अर्ब ८१ करोड २९ लाख ७३ हजार ६ सय ७४ सहुलियतपूर्ण कर्जा लगानी गरिएको छ। यस अवधिसम्म रु.९० करोड ६६ लाख ९५ हजार ८ सय ४९ जम्मा बक्यौता रहेको छ। २०८० चैतसम्म सो लगानीको साँवा ब्याज रकम नियमित भुक्तानी भइ जम्मा रू. ३१ करोड ८८ लाख बक्यौता रहेको छ।

### चार्ट ३-खः व्यवसायिक जीवन रक्षा कोष अन्तर्गत क्षेत्रगत कर्जा प्रवाह




स्रोतः नेपाल राष्ट्र बैङ्क, पोखरा कार्यालय, २०८०

# ४. कृषि, वन, भूउपयोग तथा वातावरण

## कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान

४.१ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा २६.२० प्रतिशत रहेको कृषिक्षेत्रको योगदान आर्थिक वर्ष २०८०/८१ मा २६.४० प्रतिशत पुग्ने अनुमान छ। विगत पाँच आर्थिक वर्षको तथ्यांक हेर्दा कृषि क्षेत्रको यस्तो योगदान राष्ट्रिय तथा प्रादेशिक तहमा एउटै प्रवृत्तिमा रहेको देखाएको छ। राष्ट्रिय आय लेखा तथ्याङ्कको आधारमा नै प्रादेशिक आय लेखा अनुमान गर्ने (Top-Down) पद्वती रहेकोले यस्तो देखिएको हुन सक्छ।

### चार्ट ४-कः गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

## विविध कृषिबाली उत्पादन र उत्पादकत्व

४.२ कृषि बालीको उत्पादन र क्षेत्रफलको आधारमा गण्डकी प्रदेशमा खाद्यान्न बालीको बाहुल्यता रहेको छ। तर प्रतिहेक्टर उत्पादकत्व भने अन्यको तुलनामा खाद्यान्न बालीको न्यूनतम रहेको देखिएको छ।


४.३ आर्थिक वर्ष २०८०/८१ को विवरण अनुसार कुल खेति गरिएको क्षेत्रफलको ७७ प्रतिशत हिस्सा रहेको खाद्यान्न बालीको उत्पादनको हिस्सा भने ५२ प्रतिशत मात्र रहेको छ। सबैभन्दा बढी उत्पादकत्व आलु र तरकारीको रहेको छ भने सबैभन्दा कम दलहन र तेलहन बालीको रहेको देखिएको छ।

### तालिका ४-कः प्रमुख कृषि बालीकोउत्पादन र क्षेत्रफलको स्थिति (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| बालीका प्रकार | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| खाद्यान्न बाली | ३८६३७१ | १०६४४४५ | ३७३४४२ | १०२१६७० | ३२८०७८ | ९४२९७७ | ३४४२०१.२० | ९५०१३१.४६ |
| दलहन बाली | २०९७१ | २१०७२ | १९२०७ | १८३०४ | २०६२९ | २३१७५ | २१,९६१ | २५,१३६ |
| तरकारी उत्पादन | २२७२६ | २८२५९१ | २४२८४ | २९९८४४ | २७३५६ | २९८५०० | १९,२२९ | २३०,८५२ |
| आलु बाली | २१०१० | ३१६९५० | १८४६४ | २८११५५ | १९९५९ | ३४८९९२ | २०३६५ | ३५६७५४ |
| फलफूल उत्पादन | २११२० | १३९६६१ | २०००५ | १४७४५६ | १८२९६ | १२८६८४ | ३५७१९.५ | २५७५०९.९ |
| तेलहन बाली | ९३१६ | ९३८७ | ९२०० | ९१५९ | ८१६२ | ८५२६ | ८,२५१ | ८,६२४ |

स्रोतः  कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

### चार्ट ४-खः प्रमुख कृषि बालीको क्षेत्रफल तथा उत्पादन संरचना




स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१

४.४ गण्डकी प्रदेशभित्र उत्पादन हुने प्रमुख खाद्यान्न बाली मध्ये गहुँ, धान, कोदो, मकै र फापर लगायतका बालीहरू रहेका छन्। गहुँ, धान र मकै खासगरी तल्लो तटीय समथर भूभागमा बढि हुन्छ भने कोदो र फापर भने उच्च पहाडी तथा हिमाली क्षेत्रमा बढी हुने गर्दछ। गण्डकी

प्रदेशमा खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल दुबैमा क्रमशः गहुँ, धान र कोदो सबैभन्दा धेरै क्षेत्रफलमा खेती हुने र धेरै उत्पादन हुने प्रमुख बालीहरू रहेका छन्।

### तालिका ४-खः खाद्यान्न बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा)


| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| धान | १०८६९७ | ४०८७३७ | १०६५४१ | ३९७०९४ | १०६१९० | ३९११८४ | १०१९२३ | ३९१६२५.०० | १०५८३८ | ३९७१६० |
| मकै | ३८१९१ | ९९४०१ | ३८८२२ | १०३३३० | ३६९८८ | ९७६२७ | ३१३१४ | ८११२३.७१ | ३६३२९ | ९५३७० |
| गहुँ | १३९४२१ | ४३३५६० | १४९४१४ | ४५०७२१ | १४८९२२ | ४३५२६५ | १२९५०८ | ३८७९०४.३ | १४१८१६ | ४२६८६३ |
| कोदो | ८७०८० | १०६१३७ | ८८०३८ | १०७९५२ | ७९४१८ | ९४८२९ | ६३३४७ | ७९६१८.६५ | ७९४७१ | ९७१३४ |
| फापर | १९३८ | २६३३ | १९३२ | २७०३ | १९२४ | २७६५ | ११२५ | १४७७.०० | १७३० | २३९५ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०

*प्रारम्भिक अनुमान

४.५ खाद्यान्न बालीको उत्पादनमध्ये गहुँ ४२ प्रतिशत, धान ३९ प्रतिशत, कोदो १० प्रतिशत, मकै ९ प्रतिशत र फापर अत्यन्तै न्यून (लगभग शुन्य) प्रतिशत रहेको छ। त्यसैगरी, खाद्यान्न बाली लगाईएको क्षेत्रफलमा पनि गहुँ ३९ प्रतिशत, धान २९ प्रतिशत, कोदो २२ प्रतिशत, मकै १० प्रतिशत र फापर एक प्रतिशतभन्दा कम रहेको छ।

### चार्ट ४-गः चालु आर्थिक वर्षमा प्रदेशको खाद्यान्न बालीको संरचना (प्रतिशतमा)




स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, २०८०

४.६ दलहनबाली मध्ये मुसुरो बालीको उत्पादन सबैभन्दा धेरै रहेको छ। आर्थिक वर्ष २०७९/८० मा करिब ६ हजार मेट्रिक टन उत्पादन भएको मुसुरो आर्थिक वर्ष २०८०/८१ मा १३ हजार मेट्रिक टन पुग्ने अनुमान छ । यद्यपि, दलहन बाली लगाईएको कुल क्षेत्रफल हेर्ने हो भने सबैभन्दा धेरै मास बालीको क्षेत्रफल रहेको देखिन्छ। खास गरि पहाडी क्षेत्रमा मासलाई मिश्रित बालीको रुपमा धान, मकै तथा अन्य बालीसँगै लगाउने प्रचलन छ।

### तालिका ४-गः दलहन बालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफल हेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| मुसुरो | ५११० | ५९३८ | ४९६७ | ६५८९ | ४७५३ | ५४८३ | ४७९० | ५९९४ | ९,७५१ | १२,९९१ |
| चना | २५३ | २८१ | २७२ | २९८ | २४१ | २६६ | १७८ | २०१ | २६६ | २९२ |
| रहर | ३५१ | २४६ | ३९३ | २८३ | ३७० | २५३ | ३३३ | २५१ | ३७४ | २६५ |
| मास | ५७२१ | ५१२१ | ७४५८ | ५४२७ | ७१५९ | ४८२१ | ७००८ | ६३३६ | ४,५८६ | ४,१७५ |
| केराउ | ७४ | ८५ | १६८ | १७७ | १६५ | १७१ | | | | |
| गहत | ८६४ | १०७८ | ७६२ | ७९९ | ६९० | ६३२ | ५७६ | ६२२ | ५५४ | ५०४ |
| भटमास | ३३७२ | ४१९३ | ३१५१ | ३३९५ | ३०४४ | ३३०८ | ३०५७ | ४१९९ | २,८२९ | ३,११० |
| जम्मा | १५७४५ | १६९४२ | १७१७१ | १६९६८ | १६४२२ | १४९३४ | १५९४२ | १७६०३ | १८३६० | २१३३७ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

४.७ गण्डकी प्रदेशका प्रमुख नगदे बालीमा आलु र तेलहन बाली रहेका छन्। त्यसमा पनि बाली लगाइएको क्षेत्रफल र उत्पादनको अवस्था दुवै हिसाबले प्रदेशको प्रमुख नगदे बाली आलु हो। पछिल्ला पाँच वर्षको तथ्याङ्क हेर्दा आलुको उत्पादनमा वृद्धि हुँदै आएको छ भने तेलहन बालीको क्षेत्रफल र उत्पादनमा क्रमिक गिरावट देखिएको छ। प्रदेश सरकारको तर्फबाट खाने तथा प्रशोधनयुक्त आलु उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन भएकोले आलु बालीको उत्पादन र क्षेत्रफल वृद्धिमा टेवा पुगेको देखिन्छ।

### तालिका ४-घः नगदेबाली उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| नगदेबाली | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| आलु | २०२०८ | ३२७२०५ | २१०१० | ३१६९५० | १८४६४ | २८११५५ | १९९५९ | ३४८९९२ | १९८७९ | ३४९,४४५ |
| तेलहन | ९३२१ | ९४६५ | ९३१६ | ९३८७ | ९२०० | ९१५९ | ८१६२ | ८५२६ | ८,२५१ | ८,६२४ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

४.८ आर्थिक वर्ष २०८०/८१ मा सबै मसलाबालीको उत्पादन र बाली लगाइएको क्षेत्रफल दुबैमा सुधार भएको छ। आकर्षक नगदे बालीको रुपमा रहेको अलैंचीतर्फ पछिल्लो समयमा आकर्षण बढ्दै गएको हुँदा उत्पादन अभिवृद्धिमा सहयोग पुगेको हो। अदुवाको उत्पादन भने विस्तारै घटेको देखिन्छ।समग्रमा हेर्दा मसलाबालीको क्षेत्रफल र उत्पादन दुवैमा आएको गिरावटले यो क्षेत्रको लागि केही विशेष कार्यक्रम आवश्यक रहेको सङ्केत मिलेको छ।

### तालिका ४-ङः मसलाबालीको उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| मसलाबाली | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८०* | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| अलैंची | ५७१ | ३१३ | ५७१ | ३१३ | ५६०.६१ | ४२० | १७२५ | ६२९ | १७३३ | ६५४ |
| अदुवा | ३४५४ | ४१२८० | ३१६४ | ३५५८३ | ३२४६ | ३८७२६ | ३०४५ | ३५८२१ | ३०९६ | ३६७०६ |
| बेसार | ७९४ | ७२९३ | ८०३ | ७७६४ | ८३७ | ९५०७ | ५२२ | ६८३४ | ५८३ | ७४२४ |
| खुसार्नी | ९९५ | ६०८७ | ४१४ | १८०६ | ५०२ | २६९५ | ६८७ | ३४५४ | ७०२ | ३४८७ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

४.९ सुन्तला र स्याउ उत्पादनको प्रचुर सम्भावना भएको गण्डकी प्रदेशमा पछिल्ला ५ आर्थिक वर्षमा भने सुन्तलाको उत्पादनमा उतारचढाव देखिएको छ। प्रदेशका हिमाली भेगमा स्याउ विशेष कार्यक्रममार्फत नयाँ स्याउको बगैचा निर्माण तथा किसानलाई प्राविधिक सहायता उपलब्ध गराइएको हुँदा पछिल्ला वर्षमा स्याउ उत्पादन र स्याउ लगाइएको क्षेत्रफल दुबैमा उल्लेख्य वृद्धि हुँदै गएको छ।

### तालिका ४-चः फलफूल उत्पादन र क्षेत्रफल (क्षेत्रफलहेक्टरमा/उत्पादन मेट्रिक टनमा)

| फलफूल | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१* | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| सुन्तला | ३५३४ | ५९९१५ | ५२४९ | ५९९४२ | ५७९८ | ५०८५० | ८०३२ | ५४१०८ | ७३२९ | ५४४१३ |
| स्याउ | ५९३ | ६७९२ | ७६१ | ८७१३ | ७६४ | ८८०० | १९०९ | ९५४६ | १९८५ | ९२१६ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८० *प्रारम्भिक अनुमान

## पशुपन्छी तथा मत्स्य

४.१० गण्डकी प्रदेशमा मुख्यगरी गाई, भैंसी, बाख्रा, भेडा, च्याङ्ग्रा, सुँगुर, बुँगुर, कुखुरा, हाँस पाल्ने गरिन्छ। आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा पालिएका गाई, भैंसी, बाख्रा, सुँगुर आदिको सङ्ख्या बढेकोमा आर्थिक वर्ष २०७९/८० मा हाँस बाहेक सबै पशुपन्छीको सङ्ख्यामा गिरावट आएको देखिन्छ। सो अवधीमा अफ्रिकन स्वाइन फ्लू लगायतका महामारीको कारणले सुंगुर वंगुरका साथै अन्य पशुहरूको संख्या उल्लेख्य घटेको छ। तर, आर्थिक वर्ष २०८०/८१ मा केहि सुधार हुने प्रारम्भिक अनुमान छ।

### तालिका ४-छः पशुपन्छीको विवरण (सङ्ख्यामा)

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|
| गाई/गोरू | ४८१८६५ | ३६००९५ | ३७१०४१ | ३२९,५८५ | ४१८७५० |
| भैंसी/राँगा | ६७७४९० | ५२१४९८ | ५२२०१४ | ४८२,१३३ | ५८०४४६ |
| बाख्रा/बाख्री | १५३३६२९ | १७४८३२५ | १७८९४३२ | १,६१७,८६८ | १६४६१५९ |
| भेडा/भेडी | १०७८२० | ९९८६९ | ९४२६१ | ९०,६१६ | ९५७५९ |
| सुँगुर/बंगुर | १६२१५३ | १८५८५५ | १८७२४५ | १५५,९७० | १७६९४१ |
| कुखुरा | ६७८५६०७ | ८१५८५२३ | ७४४१५६२ | ६,३८१,८९० | ६९५१४५७ |
| हाँस | ४२७१२ | ९८१६३ | ८१२६५ | ११०,७२० | ९६८६४ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

४.११ पछिल्ला वर्षहरूमा भैंसी/राँगा तथा गाई/गोरूको सङ्ख्यामा आएको कमिसँगै गत वर्ष फैलिएको लम्पी स्कीन रोगको कारण आर्थिक वर्ष २०८०/८१ मा दूध उत्पादनमा कमी आउने प्रारम्भिक अनुमान छ। फलस्वरुप, मासुको उत्पादनमा समेत उच्च उतारचढाव रहेको छ।

४.१२ चालु आर्थिक वर्षमा अन्डाको उत्पादनमा उल्लेख्य घटेको भए तापनि विगतका केही वर्षदेखि यसको उत्पादनमा क्रमशः वृद्धि हुँदै आएको छ। माछाको उत्पादन भने हरेक वर्ष वृद्धि हुँदै गएको छ।

### तालिका ४-जः दुध, अन्डा तथा मासु उत्पादन

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|
| दुध (मे.ट.) | २७८६४४ | २३७३०२ | २३८०७७ | २६४८४९ | २५९८९७ |
| मासु(मे.ट.) | ५७६७९ | ५२३६७ | ५८९९५ | ५६९८७ | ५३३९९ |
| अन्डा (हजार गोटामा) | १३७९५८ | १४४७३४ | १५६४५१ | २४५०४८ | १४७७४० |
| माछा (मे.ट.) | १२६१ | ३५८० | ४४०३ | १६३८ | २२४४ |
| ऊन (किलोग्राम) | ७३९२७ | ७४१५० | ६७०९७ | १९९८६ | ५९८८२ |

स्रोतः कृषि तथा भूमि व्यवस्था, गण्डकी प्रदेश, २०८१ र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०८०
*प्रारम्भिक अनुमान

### कृषि सम्बन्धी विविध कार्यक्रम तथा आयोजनाको अवस्था

४.१३ आर्थिक वर्ष २०८०/८१ फागुनसम्म कृषि व्यवसाय प्रवर्द्धन नियमावली, प्रदेश भूमि विधेयक, प्रदेश विषादी व्यवस्थापन विधेयक, प्रदेश बीउविजन व्यवस्थापन विधेयक, प्रदेश खाद्य सुरक्षा सम्बन्धि विद्ययेक तर्जुमाका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ।

४.१४ आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशका प्राथमिकता प्राप्त फलफूल बाली स्याउ र सुन्तला खेती तथा कस्टम हायरिङ सेन्टरको व्यवसायिक योजना स्वीकृत गरी लागु गरिएको छ। फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८० जारी गरी कार्यान्वयनमा ल्याईएको छ। उक्त निर्देशिका कार्यान्वयन सहजीकरणका लागि नर्सरी निरीक्षक तालिम सम्पन्न भई १८ जना नर्सरी निरीक्षक तयार भएका छन्।

४.१५ जलवायु परिवर्तनका प्रभावहरू न्यूनीकरण गर्दै स्थानीय स्रोत साधनको उचित व्यवस्थापन तथा जलवायु अनुकुलित प्रविधिको प्रयोग, विकास तथा विस्तार गर्दै कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरू समेटी मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन गरिएको छ।

४.१६ स्याउ उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले संचालित स्याउ विशेष कार्यक्रम मार्फत उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैंचा विस्तार कार्यक्रम सञ्चालन गरिएको छ। कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै बजार प्रवर्द्धन गर्ने उद्देश्यले कोल्ड स्टोर तथा कोल्ड रुमका साथै दूधको गुणस्तर कायम गर्दै बजार सुनिश्चितताका लागि दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग गरिएको छ।

४.१७ गोरखा, स्याङ्जा र कास्की जिल्लामा गरी ४ वटा प्राङ्गारिक मल तथा १ वटा बायोचार उत्पादन कारखानाको संरचना निर्माणका लागि सहयोग गरिएको छ। बाँझो जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ। बाँदरको समस्या बढ्दै गएकोले बाँझो जग्गामा घाँस खेती प्रवर्द्धन सुरु गरिएको छ।

४.१८ प्रदेशका ११ वटै जिल्लाका विपन्नवस्तीहरू पहिचान गरी विपन्न समुदायको जीविकोपार्जन सुधारका लागि बाख्राको खोर निर्माण, बाख्राका पाठी वितरण, बोका वितरण, कुखुराको खोर निर्माण, कुखुरा चल्ला वितरण, भकारो सुधार, भैसीका पाडी तथा राँगो वितरण, बंगुर खोर निर्माण तथा पाठा/पाठी वितरण जस्ता कार्यक्रम मार्फत सहयोग उपलब्ध गराइएको छ।

४.१९ मन्त्रालय मातहतका स्रोत केन्द्रहरूको सुदृढीकरण गरी मुख्य मुख्य तरकारी तथा फलफूल बालीका बेर्ना उत्पादन, खाद्यान्न बालीको स्रोत बीउ उत्पादन र व्यवसायिक कीट उत्पादन कार्यलाई जोड दिईएको छ।

४.२० प्रदेशका पाँच वटा जिल्ला (गोरखा, लम्जुङ, नवलपुर, तनहुँ ,स्याङ्जा र कास्की) मा समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन कार्यक्रम (स्मार्ट प्रविधियुक्त) अन्तर्गत आलु चिप्स तथा फ्रेन्च फ्राई बनाउन उपयोगी हुने गरी आलु खेति गरिएको छ।

## आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक प्रगति

४.२१ मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाँउ कार्यक्रम कार्यान्वयन चरणमा रहेको र उक्त कार्यक्रमबाट १९४२ कृषक लाभान्वित हुने अनुमान गरिएको छ।

४.२२ मुस्ताङ जिल्लामा स्याउ खेती विस्तार तथा व्यवसायीकरण आयोजना कार्यान्वयन चरणमा रहेको छ। उक्त कार्यक्रमबाट २९ हे क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ वगैंचा, २५ हे. उच्च घनत्व प्रविधिमा आधारित ओखर वगैंचा र ६ हे. क्षेत्रफलमा खुर्पानी वगैंचा स्थापनाका साथै ती फलफुल उत्पादन हुने क्षेत्रहरूमा स्याउ प्रशोधन तथा भण्डारण केन्द्रहरू निर्माण हुने अवस्थामा छ।

४.२३ मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना अन्तर्गत ९० हे मा बीउ मकै तथा २०० हे. मा खाने मकै उत्पादन कार्य अघि बढेको।

४.२४ पशुमा पूर्ण खोप कार्यक्रम अन्तर्गत १६० जना खोपकर्ता परिचालन गरी ११ जिल्लाका ६४ वटा स्थानीय तहमा पशुमा लाग्ने ६ वटा मुख्य संक्रामक रोग विरुद्ध हालसम्म कुल

३०४०० डोज खोप लगाईएको। साथै ६४ स्थानीय तहमा ६ प्रकारका संक्रामक रोग विरुद्ध १५८०००० डोज खोप लगाईने जसले गर्दा पशुहरूको प्रतिरोधात्मक क्षमता वृद्धि हुने अपेक्षा गरिएको।

४.२५ दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत हालसम्म ५३ सहकारी संस्थामार्फत ८१६४ मे.टन दूधमा प्रति लिटर अधिकतम रु २.५ का दरले प्रोत्साहन सहयोग उपलब्ध गराईएको र आ.व. २०८०/८१ मा कुल १३२८० मे. टन दूधमा त्यस्तो प्रोत्साहन सहयोग उपलब्ध गराईने ।

४.२६ क्षेत्रफल विस्तारका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन कार्यक्रम कार्यान्वयनमा आई हालसम्म ५१ हे. क्षेत्रफलमा तरकारीको क्षेत्र विस्तार गरिएको उक्त क्षेत्रबाट थप ६१२ मे.टन तरकारी उत्पादन हुने चरणमा रहेको। आ.व. २०८०/८१ को अन्त्यसम्म १३० हे. मा विस्तार भई १७५५ मे.टन थप तरकारी उत्पादन हुनेछ।

४.२७ बाँझो जग्गामा खेती गर्न प्रोत्साहन सहयोग कार्यक्रमबाट ७३ हे. बाँझो जग्गा उपयोग भई कृषि उत्पादन बढाउन सहयोग पुग्ने अनुमान छ।

४.२८ ब्लक विकास कार्यक्रम अन्तर्गत १० वटा बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि ब्लक सञ्चालक समितिहरूसँग सम्झौता भएको।

४.२९ विशेष बाली प्रवर्द्धन कार्यक्रमबाट हालसम्म करिव ८७.५ हेक्टर तोरी खेतीबाट ७६ मे.ट तोरी उत्पादन भएको जसबाट करिव १४३७ कृषक लाभान्वित भएका। आ.व.को अन्त्यसम्म १३३ हे. मा तोरी, सुर्यमुखी, कागुनो, चिनो जस्ता बालीहरूको खेति बालीहरूको प्रवर्द्धन भई तेल तथा रैथाने उपजको उत्पादनमा वृद्धि हुने।

४.३० साना सिँचाई कार्यक्रम अन्तर्गत ११० मिटर नयाँ कुलो निर्माण, करिव ३००० रोपनी सिंचित क्षेत्रफल विस्तार भै २५० कृषि/फर्म/सहकारी प्रत्यक्ष लाभान्वित भएका। चालु आर्थिक वर्षको अन्त्यसम्म १२१ हे क्षेत्रफलमा सहज सिंचाई सुविधा पुग्ने अनुमान छ।

४.३१ कोल्डस्टोर/कोल्डरुम निर्माण कार्यक्रममार्फत थप २६० मे. टन. कृषि उपजको सुरक्षित भण्डारण भई क्षतिमा न्यूनीकरण हुने।

४.३२ दुग्ध चिस्यान केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन चरणमा आएको र यसबाट दश हजार लि. क्षमताको दूध भण्डारणका लागि कृषकहरूलाई सुविधा पुग्ने।

४.३३ ग्रामीण साना कृषि उद्यम विकास कार्यक्रम अन्तरगत ग्रामीण भेगका १४ कृषक समुदायहरूमा

गुन्द्रुक, अचार, विस्कुट, केक लगायतका सामाग्री उत्पादन तथा बिक्रि वितरण गर्ने उद्योगहरूको स्थापनामा सहयोग।

४.३४ उन्नत नश्लका पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमबाट १२३५ उन्नत नश्लका पाडी बाच्छी हुर्काईने र प्रदेशभित्र नै उपलब्धता सुनिश्चित हुने।

४.३५ विपन्नवस्तीमा मुख्यमन्त्री कार्यक्रम कार्यान्वयन चरणमा रहेको। २० वटा विपन्न गाउँहरूमा आयआर्जनमा वृद्धि हुने खालका कार्यक्रमहरू सञ्चालन भई उक्त गाउँका कृषकहरूको जिवनस्तरमा सुधार हुने।

४.३६ कृषि बीमा प्रिमियममा २५% अनुदान अन्तर्गत हालसम्म २१ जना कृषकहरूको सुन्तला, च्याउ, मौरी, तरकारी लगायतका बालीको विमा भएको। विभिन्न बाली वस्तुमा हुने क्षतिको जोखिम न्यूनीकरणमा सहयोग पुग्ने।

४.३७ अनुदान सहयोगमा कृषि यन्त्र तथा उपकरण वितरण कार्यक्रमबाट लाभान्वित कृषकको कृषि उपज उत्पादनमा लाग्ने लागतमा १०-२०% ले न्यूनीकरण हुने अनुमान रहेको।

४.३८ आलु खेती प्रवर्धन कार्यक्रमबाट २१६.२५ हे. मा आलु खेती विस्तार भै करिव ३४६० मे.ट आलु उत्पादन भएको। करिव १००० कृषकहरू प्रत्यक्ष लाभान्वित भएका।

४.३९ फलफूल बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तारबाट ३० हे. पुरानो वगैंचाको सुदृढीकरण हुने।

४.४० ग्रामिण पोषण सुरक्षा कार्यक्रमबाट १८ वटा समुदायमाको पोषण स्तर सुदृण भएको हुने।

४.४१ क्लष्टरमा रैथाने बाली संरक्षण कार्यक्रमबाट १५ कृषकहरू लाभान्वित भएका। यस कार्यक्रमले मानिसहरूको खाने बानीमा परिवर्तन आउनुका साथै आयआर्जनमा समेत टेवा पुग्नेछ।

### वन क्षेत्र

४.४२ गण्डकी प्रदेशको कुल क्षेत्रफल मध्ये ८,१४६ वर्ग किलोमिटर अर्थात ३७.८ प्रतिशत भू-भाग वनजङ्गलले ढाकेको छ भने ९.६ प्रतिशत भू-भाग बुट्टयानले ढाकेको छ। यस प्रदेशमा अवलम्वन गरिएका समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कवुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ।

### तालिका ४-झः वन क्षेत्रको विवरण

| वन | किसिम | सख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| राष्ट्रिय वन (८१४६३० हे.) | सामुदायिक वन | ३९४९ | २६०१९० |
| | साझेदारी वन | १ | ६७२.८६ |
| | कबुलियत वन | ११२७ | ५३२१ |
| | धार्मिक वन | ३५ | ३५३.५३ |
| | सरकारद्वारा व्यवस्थित वन | १ | ३३३९ |
| | सरकारद्वारा व्यवस्थित वन | | ५४४७५३ |
| निजी वन (२८५ हे.) | दर्ता भएका निजी वन | ४१२ | २१८ |
| **जम्मा वन क्षेत्र** | | | **८१४९१४** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८१

४.४३ गण्डकी प्रदेशको कुल भू-भाग मध्ये वनजंगल तथा बुट्यानले ढाकेको हरियाली क्षेत्र सबैभन्दा बढी ४७.४० प्रतिशत रहेको छ। यस प्रदेशमा कृषि योग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत रहेको छ। त्यसैगरी, हिम क्षेत्र १६.७ प्रतिशत रहेको छ। निर्माणले ढाकेको बसोबास गर्ने क्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ। बाँकी सीमसार जलक्षेत्र तथा अन्य उपयोगमा रहेको छ।

### तालिका ४-ञः भू-उपयोगको स्थिती

| भू-उपयोगको प्रकार | क्षेत्रफल (वर्ग कि.मी) | प्रतिशत |
|---|---|---|
| कृषि भूमि | ३१११.५२ | १४.१३ |
| नाङ्गो भूमि | ३८९२.५१ | १७.६८ |
| वन जंगल | ७४३९.९६ | ३३.७९ |
| तृणभूमि | १९२१.५४ | ८.७३ |
| बसोवास क्षेत्र | १३८.४० | ०.६३ |
| झाडी भूमि | १७१९.९४ | ७.८१ |
| हिम क्षेत्र | ३६८२.१४ | १६.७२ |
| जल क्षेत्र | १०९.०० | ०.५० |
| **जम्मा** | **२२०१५.०१** | **१००** |

स्रोतः गण्डकी प्रदेशको स्रोत नक्साङ्कन, २०७५

४.४४ गण्डकी प्रदेश सरकारले जैविक विविधता संरक्षणको लागि विभिन्न कार्यहरू गर्दै आएको छ। जैविक विविधताका लागि रणनीतिक योजना २०११-२० ले जैविक विविधता लक्ष्य राखेर कार्य गर्दै आएको छ। यस अन्तर्गत वनको वैज्ञानिक व्यवस्थापन र व्यावसायिक उपयोग गर्ने, वातावरण संरक्षण र जनताको आयआर्जनसँग आवद्ध गर्ने, तथा राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षित क्षेत्रको दिगो व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ।

४.४५ मुलुकको कुल संरक्षित क्षेत्रमध्ये गण्डकी प्रदेशको संरक्षित क्षेत्रको क्षेत्रफल २९.२ प्रतिशत र मुलुकको कुलभू-भागको ६.८२ प्रतिशत रहेको छ। राष्ट्रिय औसतको दृष्टिकोणले गण्डकी प्रदेशमा बाघ र गैंडाको सङ्ख्या न्यून रहेको छ।

# ५. गरिबी निवारण, श्रम तथा रोजगारी

## गरिबी

५.१ चौथो नेपाल जिवनस्तर मापन सर्वेक्षण २०८० को तथ्याङ्कअनुसार नेपालको उपभोगमा आधारित निरपेक्ष गरिबी २०.२७ प्रतिशत रहेको छ भने मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ। उपलब्ध पछिल्लो तथ्याङ्क अनुसार नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ।

५.२ गण्डकी प्रदेशको निरपेक्ष गरिबीको दर भने राष्ट्रिय औसतका साथै प्रदेशगत रुपमा अन्य प्रदेशको तुलनामा सबैभन्दा न्यून ११.८८ प्रतिशत रहेको छ।

### तालिका ५-कः प्रदेशगत निरपेक्ष गरिबीको अवस्था

| प्रदेश | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|
| कोशी | १७.१९ | ३.८४ | १.२५ |
| मधेश | २२.५३ | ४.६२ | १.३६ |
| बागमती | १२.५९ | २.६४ | ०.८९ |
| गण्डकी | ११.८८ | २.३३ | ०.७१ |
| लुम्बिनी | २४.३५ | ५.८ | १.९९ |
| कर्णाली | २६.६९ | ६.२५ | २.१६ |
| सुदूरपश्चिम | ३४.१६ | ८.४१ | २.८७ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

प्रधानमन्त्री रोजगार कार्यक्रम

५.३ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म प्रधानमन्त्री रोजगार काययक्रम अन्तरगत गण्डकी प्रदेशका ७० स्थानीय तहका १०१८ आयोजनामा ७२१ जनाले रोजगारी प्राप्त गरेका छन्।

### तालिका ५-खः प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशगत अवस्था

| प्रदेश | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजना सङ्ख्या | रोजगारीमा खटिएको व्यक्तिको सङ्ख्या | जम्मा रोजगारी दिन | औसत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | ११६ | १२२८ | १६६२ | १०७९४२ | ६४.९५ |
| मधेश | १३६ | ६४ | ७१६ | ७०३ | २४४७६ | ३४.८२ |
| बागमती | ११९ | १०७ | १३३९ | १२२७ | ७३४२४ | ५९.८४ |
| गण्डकी | ८५ | ७० | १०१८ | ७२१ | ३९८३१ | ५५.२४ |
| लुम्बिनी | १०९ | ७९ | १२७० | ८९६ | ५९९९९ | ६६.९६ |
| कर्णाली | ७९ | ६९ | ८०० | ७६९ | ५५०५४ | ७१.५९ |
| सुदूरपश्चिम | ८८ | ८० | १२१० | ७२१ | ४७४२२ | ६५.७७ |
| **जम्मा** | **७५३** | **५८५** | **७५८१** | **६६९९** | **४०८१४८** | **६०.९३** |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *२०८०/८१ को फागुनसम्म

५.४ प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत बेरोजगारको सङ्ख्या वर्सेनी बढ्दै गए पनि रोजगारीमा खटिएको सङख्या भने घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा कुल ८ लाख ४१ हजार १७९ जना सूचिकृत भएकोमा ९१ हजार ६८५ मात्र रोजगारीमा खटिएका थिए। रोजगारीमा खटिएका मध्ये गण्डकी प्रदेशको हिस्सा करिब १४ प्रतिशत मात्र रहेको छ।

### तालिका ५-गः प्रधानमन्त्री रोजगार कार्यक्रममा खटिनेको प्रदेशगत अवस्था

| प्रदेश | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
| कोशी | ३४.० | २९.० | २५.६ | १३.२ | १.५ |
| मधेश | २१.६ | २०.० | १८.९ | १३.२ | ०.६ |
| बागमती | २४.९ | २५.४ | २५.८ | १२.० | १.२ |
| गण्डकी | २७.९ | २३.९ | २२.८ | १३.९ | १.२ |
| लुम्बिनी | ४६.५ | २३.९ | २५.० | ११.९ | ०.९ |
| कर्णाली | २२.९ | २०.८ | २२.९ | ८.६ | ०.४ |
| सुदूरपश्चिम | २७.३ | २४.४ | २१.८ | ८.९ | ०.४ |
| **जम्मा** | **२८.६** | **२३.९** | **२३.१** | **१०.९** | **०.८** |
| जम्मा सूचीकृत भएका बेरोजगारहरू | **३६९३१३** | **७५२४४९** | **७०८२४५** | **८४१३७९** | **८८५१५४** |
| जम्मा न्यूनतम रोजगारीमा खटिएका | **१०५६३५** | **१७९४६७** | **१६३७६०** | **९१६८५** | **६६९९** |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० * फागुनसम्म

५.५ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशमा थप २५ रोजगारदाता र २६४६ योगदानकर्ता सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्।

### तालिका ५-घः सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाता र योगदानकर्ता

| प्रदेश | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | जम्मा |
|---|---|---|---|---|---|---|
| **रोजगारदाता (सङ्ख्यामा)** | | | | | | |
| कोशी | १५८४ | ६९ | २० | १८ | ७० | **१९६८** |
| मधेश | २९८ | १२९ | १५४ | ५४ | ६६ | **९००** |
| बागमती | ५९७७ | १६९४ | १६७० | ६४१ | ४६६ | **१२९२२** |
| गण्डकी | ४३६ | १०४ | ११७ | ५२ | २५ | **८७४** |
| लुम्बिनी | ७२८ | ३८८ | १८२ | ३३ | ६४ | **१५५७** |
| कर्णाली | ९५ | ५१ | ५५ | २० | ६ | **२५६** |
| सुदुरपश्चिम | ८४ | ७३ | ४३ | १५ | १३ | **२७८** |
| **जम्मा** | **९२०२** | **२५०८** | **२२४१** | **८३३** | **७१०** | **१८७५५** |
| **योगदानकर्ता (सङ्ख्यामा)** | | | | | | |
| कोशी | १५४५० | १२३४५ | ५३८० | ७९०३ | ७२२१ | **४९३४५** |
| मधेश | ९५५२ | ५३४६ | २३४९ | ३२०२ | २१८६ | **२४६१२** |
| बागमती | ९६९५९ | ८७५४३ | ६००७८ | ६१२६५ | ४७१७६ | **३७२७७१** |
| गण्डकी | ५५३३ | ५२८७ | २०७५ | २५७१ | २६४६ | **१८८०५** |
| लुम्बिनी | ४३९० | ५१४० | २६४५ | १८५० | २०९६ | **१६९११** |
| कर्णाली | २४६ | ४८८ | २९१ | २६४ | ३०० | **१६६३** |
| सुदुरपश्चिम | ५९२ | ५१९ | २०६ | ३१५ | ३८६ | **२०१८** |
| **जम्मा** | **१३२७२२** | **११६६६८** | **७३०२४** | **७७३७०** | **६२०११** | **४८६१२५** |

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८० *फागुनसम्म

# ६. ऊर्जा, सिञ्चाई तथा खानेपानी

## उर्जा

६.१ जलविद्युत उत्पादनको दृष्टिकोणले गण्डकी प्रदेश प्रचुर सम्भावना बोकेको प्रदेश हो। राष्ट्रियस्तरमा विद्युतको पहुँच २०८० फागुनसम्म ९६.७ प्रतिशत रहेकोमा गण्डकी प्रदेशमा ९७.७६ प्रतिशत पुगेको छ। नवीकरणीय उर्जा (सौर्य र लघु जलविद्युत) समेत गर्दा आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म कुल ९९.७५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुग्ने अनुमान छ।

### तालिका ६-कः ऊर्जा क्षेत्रका उपलब्धी

| विवरण | एकाइ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| कुल जलविद्युत उत्पादन क्षमता | मे.वा. | ५९५ | ७३३ | ९३३ |
| विद्युतमा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९५.६८ | ९९.५ | ९९.७५ |
| प्रति व्यक्ति विद्युत खपत | कि.वा.घ. | २१० | २१६ | २७० |
| संस्थागत सौर्य ऊर्जा प्रणालीबाट विद्युत उत्पादन | कि.वा | | १७२ | १८० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८१ * प्रारम्भिक अनुमान

६.२ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशको प्रति व्यक्ति विद्युत खपत २१६ किलोवाट घण्टा रहेकोमा आर्थिक वर्षको अन्त्यसम्ममा २७० किलोवाट घण्टा पुग्ने अनुमान छ। यस प्रदेशभित्र निर्माण सम्पन्न भएका जलविद्युत आयोजनाको कुल जडित क्षमता २०८० फागुनसम्म ८०३ मेगावाट रहेकोमा २०८१ असारसम्म ९३३ मेगावाट पुग्ने अनुमान छ।

## सिंचाइ तथा तटबन्ध

६.३ गण्डकी प्रदेशमा कुल खेती योग्य जमिन जम्मा ४,८७,५७८ हेक्टर मानिएको छ | सिंचाइ गुरु योजना सम्वन्धी अध्ययन प्रतिवेदन अनुसार ३,५१,५९७ हेक्टर वा ७२.१० प्रतिशत जमिनमा मात्र खेती भईरहेको छ। प्रदेशको बाह्रै महिना सिंचाइ सुविधा पुग्नयोग्य जमिन २,७२,६३० हेक्टर रहेको छ, जुन खेती भईरहेको जमिनको ७७.५ प्रतिशत मात्र हो। कुल सिंचाइयोग्य जमिन मध्ये आर्थिक वर्ष २०८०/८१ को फागुनसम्ममा आधुनिक सिंचाइको पूर्वाधार बिस्तार भएको जमिन ६६,८२८ हेक्टरमात्र छ, जुन कुल सिंचाइयोग्य जमिनको जम्मा २४.६७ प्रतिशत हो।

६.४ आर्थिक वर्ष २०७९/८० सम्म गण्डकी प्रदेशमा १०९.२४ किलोमिटर तटबन्धन निर्माण भई ३,१६८ हेक्टर जग्गा उकास भएकोमा आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा १३४.२४ किलोमिटर तटवन्ध निर्माण र ३,३१८ हेक्टर जग्गा उकास भएको अनुमान छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म ३१८४१ हेक्टर रहेको बाह्रै महिना सिंचाइ हुने जमिनको क्षेत्रफल आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा ३६००० पुग्ने अनुमान छ।

### तालिका ६-खः सिंचाइ तथा तटबन्धन निर्माण

| विवरण | एकाइ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| बाहैं महिना सिंचाइ सुबिधा पुगेको क्षेत्रफल | हेक्टर | ३२,८९४ | ३३,१४० | ३६,००० |
| निर्माण भएको तटबन्धन लम्बाइ | कि.मि. | ८४.६२ | १०९.२४ | १३४.२४ |
| जग्गा उकास कार्य भएको क्षेत्रफल | हेक्टर | ३०१८ | ३१६८ | ३३१८ |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८१ * प्रारम्भिक अनुमान

## खानेपानी तथा सरसफाई

६.५ गण्डकी प्रदेशमा आधारभूत स्तरको खानेपानीको पहुँच लगभग सबै जनसंख्यामा पुगेको भए पनि विश्व स्वास्थ्य संगठनले तोकेको उच्च गुणस्तरयुक्त खानेपानीको पहुँच अझै पनि न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म ९४.२५ प्रतिशत रहेको आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्याको अनुपात २०८०/८१ को अन्त्यसम्म ९५.० प्रतिशत पुग्ने अनुमान छ। मध्यम तथा उच्च स्तरको खानेपानीको पहुँच प्राप्त जनसंख्याको अनुपात भने २०८० असारसम्म १८.२० प्रतिशत रहेकोमा २०८१ असारसम्म १९.० प्रतिशत पुग्ने अनुमान छ। गण्डकी प्रदेशमा आधारभूतस्तरको सरसफाईको पहुँच भने शतप्रतिशत जनसङ्ख्यामा पुगेको छ।

### तालिका ६-गः निजी धारा जडानको विवरण (सङ्ख्यामा)

| विवरण | एकाइ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | ९४.२५ | ९५.० |
| मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या | प्रतिशत | १८.२ | १९.० |
| एक घर एक धारा कार्यक्रमा जडान भएका धारा संख्या | वटा | १,२९,७९४ | १,६०,००० |
| निजी धारा जडान भएका घरपरिवार | प्रतिशत | ५९.५ | ६४.० |

स्रोतः उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, २०८१ * प्रारम्भिक अनुमान

# ७. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

## सडक

७.१ आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रादेशिक तथा स्थानीयस्तरका कच्ची, ग्राबेल र कालोपत्र सडक सहित गण्डकी प्रदेशमा कुल ११ हजार ७ सय २८ किलोमिटर सडक सञ्जाल पुगेको छ। जसमध्ये प्रादेशिक सडक सञ्जालको अनुपात १७.७५ प्रतिशत अर्थात् २ हजार ८२ किलोमिटर रहेको छ।

### तालिका ७-कः प्रदेशगत सडक सञ्जाल (प्रादेशिक तथा स्थानीय सडकसहित)

| प्रदेश | धुलो | ग्राबेल | कालोपत्र | जम्मा | प्रदेशको अंश |
|---|---|---|---|---|---|
| कोशी | ९९२३ | २६७१ | ९०४ | १३४९८ | २०.४ |
| मधेस | २७५९ | २९०५ | ३९६ | ६०६० | ९.२ |
| बागमती | १२१२२ | २८९७ | १४६१ | १६४८० | २५.० |
| गण्डकी | ९७१० | १३१९ | ६९९ | ११७२८ | १७.८ |
| लुम्बिनी | ५५२४ | २७६४ | ९६१ | ९२४९ | १४.० |
| कर्णाली | ३१३३ | २१४ | ९१ | ३४३८ | ५.२ |
| सुदुरपश्चिम | ४१४९ | १२३० | २२५ | ५६०४ | ८.५ |
| **जम्मा** | **४७३२०** | **१४०००** | **४७३७** | **६६०५७** | **१००.०** |

स्रोतः आर्थिक सर्वेक्षण २०८०

७.२ आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म गण्डकी प्रदेशले आफ्नो कार्यक्षेत्रको बजेट तथा कार्यक्रमबाट ११९.९० किलोमिटर सडक कालोपत्र, ४३.३५ किलोमिटर ग्राभेल र २३.० किलोमिटर कच्ची सडक थप निर्माण गरेको छ। गत आर्थिक वर्षको सेही अवधीमा क्रमशः ७५.४६ किलोमिटर कालोपत्रे, ६९.९० किलोमिटर ग्राभेल तथा ५५.९५ किलोमिटर कच्ची सडक निर्माण भएको थियो।

### तालिका ७-खः प्रदेश भित्र निर्माण गरेको नयाँ सडकको लम्बाई (किलोमिटरमा)

| सडक प्रकार | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | फागुनसम्म | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/८० | २०८०/८१ |
| कालोपत्रे | ५२.२३ | ६५.१६ | २११.९ | १६५.१६ | १७३.६६ | ७५.४६ | ११९.९० |
| ग्राभेल | ११३.२८ | १३८.४३ | १५२.२७ | ११६.६४ | ७७.९९ | ६९.९ | ४३.३५ |
| कच्ची | ९३.६४ | ७१.६७ | ८८.७६ | ७९.३२ | १०४.३ | ५५.९५ | २३ |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८१

## प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

७.३ गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) चालु आर्थिक वर्षको अन्त्यसँगै समाप्त हुँदैछ। सो योजनाको अन्त्यसम्म १२६० कि मी सडक कालपोत्रे गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब ५१० किमी सडक मात्र कालोपत्रे भएको छ। सोही योजना अवधीमा सडक पुल २९० वटा र झोलुङ्गे पुल २५० वटा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म जम्मा क्रमशः ७३ र ५२ वटा सम्पन्न भएका छन् भने बाँकीको अवस्था देहाय बमोजिम रहेको छ।

### तालिका ७-गः प्रथम पञ्चवर्षीय योजनाको लक्ष्यको तुलनामा उपलब्धि

| योजना | कुल सम्पन्न (आब २०७५/७६ देखि) | निर्माणाधीन | जम्मा |
|---|---|---|---|
| सडक (कालोपत्रे) | ६७४.६ किमी | २०८.७ किमी | ८८३.३ किमी |
| सडक (ग्राभेल) | ५६६.८५ किमी | १०२.१५ किमी | ६६९ किमी |
| सडक पुल | ८५ वटा | ५३ वटा | १३८ वटा |
| झोलुङ्गे पुल | ६३ वटा | १० वटा | ७३ वटा |
| भवन/सहरी विकास | ३ वटा | ११ वटा | १४ वटा |
| जनता आवास (घर निर्माण) | १५०० वटा | ५०० वटा | २००० वटा |

स्रोतः भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, २०८१

## यातायात

७.४ गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म ८ हजार ८६ विभिन्न नयाँ सवारी दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधीमा कुल २३ हजार १ सय ७० नयाँ सवारी साधन दर्ता भएका थिए । प्रदेशमा दर्ता भएका नयाँ सवारी साधनमध्ये मोटरसाईकलको हिस्सा सबैभन्दा धेरै ८३ प्रतिशत रहेको छ।

### तालिका ७-घः गण्डकी प्रदेशमा दर्ता भएका विभिन्न किसिमका सवारीका साधनहरु


| सवारी साधन | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|
| बस/ट्रक | १६५ | १२९७ | २३० |
| जिप/कार/भ्यान | १५२४ | ३५७४ | ८७३ |
| माइक्रोबस | ४५ | १०० | २७ |
| मोटरसाइकल/स्कुटर | ४५०९१ | ३३७९६ | ६७१७ |
| ट्याक्टर | ३३२ | ७१८ | १२ |
| टेम्पो | १३३ | १०२८ | १२५ |
| क्रेन/डोजर/लोडर | ६५७ | ३५० | १०२ |
| अन्य | ४ | ६४ | |
| **कूल जम्मा** | **४७९५१** | **४०९२७** | **८०८६** |

स्रोतः भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी, २०८१ * फागुनसम्म

## सूचना तथा सञ्चार

७.५ राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी प्रदेशका ४७.७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ भने ७७.८ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग हुने गरेको छ। यसले गर्दा पछिल्लो समयमा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा उल्लेख्य वृद्धि भएको छ। इन्टरनेट प्रयोग गर्ने पुरुषको राष्ट्रिय अनुपात ४८.५४ र महिलाको २३.२८ रहेको छ। गण्डकी प्रदेशमा यस्तो अनुपात क्रमशः ६१.२७ र ३८.६ रहेको छ।

### चार्ट ७-कः गण्डकी प्रदेशमा नेपाल टेलिकमको इन्टरनेट सेवा प्रयोगकर्ता




स्रोतः नेपाल टेलिकम, २०८१

### तालिका ७-ङः नेपाल टेलिकमले प्रवाह गर्ने सेवाको जिल्लागत विवरण

| जिल्ला | २०७९/८० | | | २०८०/८१* | | |
|---|---|---|---|---|---|---|
| | Landline | ADSL | FTTH | Landline | ADSL | FTTH |
| बाग्लुङ्ग | ६८५ | ४८५ | ४,०७७ | ६८५ | ४८५ | ४,१५३ |
| गोरखा | २७३ | १६१ | १,५६१ | | ७६ | १,७३१ |
| कास्की | १३,४६० | ४,४२५ | २१,३०१ | ६,००८ | १,६७१ | २३,४३३ |
| लमजुङ्ग | २२९ | १२४ | १,१३५ | २२४ | १२१ | १,१८५ |
| मनाङ्ग | | | २०७ | - | | २२२ |
| मुस्ताङ्ग | | | ९७८ | - | | १,००९ |
| म्याग्दी | १५९ | १४३ | १,५०६ | १५९ | १४३ | १,५५८ |
| नवलपरासी ( | ३,६३१ | १,३२७ | १,९४० | २,५९१ | १,३२७ | २,७०६ |
| पर्वत | १३९ | १२७ | १,८२३ | १३९ | १२७ | १,८९१ |
| स्याङ्जा | ५०६ | २३४ | १,५६३ | ४६१ | १७१ | १,६५० |
| तनहुँ | १,६११ | ८६९ | ४,१६४ | १,१८५ | ६४२ | ४,७५३ |
| **जम्मा** | **२०,६९३** | **७,८९५** | **४०,२५५** | **११,४५२** | **४,७६३** | **४४,२९१** |


स्रोतः नेपाल टेलिकम, २०८१ *फागुनसम्म

# ८. उद्योग, वाणिज्य तथा पर्यटन

## उद्योग क्षेत्र

८.१ आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा समग्र उद्योग क्षेत्रको योगदान १७.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा केही घटेर १६.८ प्रतिशतमा सिमित हुने अनुमान गरिएको छ। विभिन्न कारणले आन्तरीक अर्थतन्त्रमा देखिएको मन्दीले निर्माण क्षेत्रमा संकुचन आउदा त्यसको असर उत्पादन तथा प्रशोधन क्षेत्र र समग्र उद्योग क्षेत्रमा देखिएको छ।

**चार्ट ८-कः गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान(प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ * प्रारम्भिक अनुमान

## उद्योग तथा वाणिज्य

८.२ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशमा अद्यावधिक रहेका लघु घरेलु तथा साना उद्योगको संख्या ६६ हजार ३३ रहेको छ, जुन नेपालभर दर्ता कायम रहेका उद्योगहरूको अनुपातमा ११.२० प्रतिशत हो। आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशमा नयाँ दर्ता भएका ३६६७ लघु घरेलु तथा साना उद्योगमा कुल रू ८ अर्ब ६० करोड लगानी भइ ११४६७ जनाले रोजगारी सिर्जना भएको अनुमान छ।

८.३ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म गण्डकी प्रदेशमा कुल १८३८२ कम्पनी दर्ता कायम रहेका छन्। ती मध्ये ८६३ कम्पनी यही आर्थिक वर्षको फागुनसम्म दर्ता भएका हुन। यी उद्योगमा रू.५ खर्ब ९७ अर्ब २५ करोड लगानी स्वीकृत भई उद्योगको सञ्चालनबाट ४० हजार ९३ रोजगारी सिर्जना हुने अनुमान छ।


## तालिका ८-कः प्रादेशिक रुपमा दरता लघु, घरेलु तथा साना उद्योग विवरण

| प्रदेश | लघु, घरेलु तथा साना उद्योगको दर्ता सङ्ख्या | कुल लगानी (रू. करोडमा) | प्रस्तावित रोजगारी (जना) |
|---|---|---|---|
| कोशी | ५५३७ | १५२१.९१ | १५३४१ |
| मधेश | ७१५२ | २०५१.२७ | ३२४८४ |
| बागमती | ७२६८ | १९४९.६२ | ३४७९४ |
| गण्डकी | ३६६७ | ८६०.९९ | ११४६७ |
| लुम्बिनी | ५१४१ | ११४१.५५ | १७८४९ |
| कर्णाली | ३६३० | ३७९.५८ | १६०४० |
| सुदूरपश्चिम | ४४४७ | ३८५.१३ | १५४३३ |
| **नेपाल** | **३७१४२** | **८२९०.०६** | **१४३४०८** |

स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१

८.४ २०८० असारसम्म गण्डकी प्रदेशमा लगत कट्टा गरी अद्यावधिक कायम रहेका लघु तथा साना उद्योगको सङ्ख्या ६४ हजार ५ सय ५३ र वाणिज्य फर्मको सङ्ख्या ६३ हजार ८ सय ८२ पुगेको छ। पछिल्लो समय प्रदेश अन्तरगतका कार्यालयहरूले दर्ता भएर लामो समय नविकरण नभएका उद्योग तथा फर्महरूको लगत कट्टा गर्दै अद्यवधिक गरिरहेकोले कुल उद्योग तथा वाणिज्य फर्महरूको सङ्ख्यामा कमी आएको हो।

## चार्ट ८-खः उद्योग र वाणिज्य फर्महरूको जिल्लागत विवरण (सङ्ख्यामा)




स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८१

### एक स्थानीय तह एक औद्योगिक ग्राम

८.५ नेपाल सरकारको घोषित नीति एक स्थानीय तह एक औद्योगिक ग्राम अन्तर्गत गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन भई सम्भाव्य देखिएका ५१ स्थानीय तहमध्ये नेपाल सरकारले २६ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरेको छ।

८.६ गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/ ८० को फागुनसम्म १० स्थानीय तहमा पूर्वाधार निर्माणका लागि बजेट हस्तान्तरण गरी पूर्वाधार निर्माणका कार्य भईरहेको छ।

### प्रदेश औद्योगिक क्षेत्र

८.७ आर्थिक वर्ष २०७९/८० मा लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व र पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ, कास्की  गरी दुवै औद्योगिक क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको छ। साथै,जग्गा भोगाधिकार प्राप्तिका लागि प्रदेश मन्त्रिपरिषद्बाट निर्णय भई नेपाल सरकारसमक्ष अनुरोध गरिएको छ।

### तालिका ८-खः प्रदेश औद्योगिक क्षेत्रको अवस्था

| प्रदेश औद्योगिक क्षेत्र | क्षेत्रफल (बिघा) |
|---|---|
| लोकाहाखोला औद्योगिक क्षेत्र, नवलपरासी बर्दघाट सुस्तापूर्व | १४१ |
| पूँडिटार औद्योगिक क्षेत्र, तनहुँ, कास्की | ३३१ |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०८०

### पर्यटन

८.८ पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको प्रमुख संवाहक हो। गण्डकी प्रदेश जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधतायुक्त रहेको छ। गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा 'प्रदेश समृद्धिको आधार पर्यटनको दिगो विकास÷ लाई पर्यटन क्षेत्रको दीर्घकालीन सोच बनाइएको छ।

८.९ प्रदेशको पञ्चवर्षीय योजनाले पहिचान गरेका ठूला पर्यटन पूर्वाधारमध्ये पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ भने विभिन्न पर्यटन पदमार्ग निर्माण भएका छन्। आर्थिक वर्ष २०७८/७९ मा १ लाख ४ हजार ४ सय २९ रहेको गण्डकी प्रदेशको भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या आर्थिक वर्ष २०७९/८० मा बढेर २ लाख ४५ हजार ७४९ पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यो सङ्ख्या थप वृद्धि हुने अनुमान छ।

### तालिका ८-गः गण्डकी प्रदेशमा प्रवेश गरेका पर्यटकको विवरण

| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|---|
| भारतीय | १२०९३८ | ४४८०९ | २२३६ | ८४७४० | १९८१८२ |
| अन्य | १७८०३७ | ८३८३९ | ११७७ | १९६८९ | ४७५६७ |
| **जम्मा** | **२९८९७५** | **१२८६४८** | **३४१३** | **१०४४२९** | **२४५७४९** |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,२०८०

### पर्यटक लक्षित घरवास कार्यक्रम

८.१० पर्यटनको बृहत सम्भावना रहेको गण्डकी प्रदेशमा गाँउ पर्यटन प्रवर्द्धनका लागि सामुदायिक घरबास (होमस्टे) परियोजना अन्तर्गत पर्यटन पूर्वाधार निर्माण र मर्मत तथा सम्भारमा प्रदेश सरकारले सहयोग गर्दै आएको छ। प्रदेशभित्र सञ्चालनमा रहेका ३२४ सामुदायिक होमस्टेको पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम प्रदेशले नियमित रूपमा सहयोग र प्रोत्साहन प्रदान गरिरहेको छ।

### तालिका ८-घ गण्डकी प्रदेशका जिल्लाहरूमा सञ्चालित होमस्टे

| जिल्ला | होमस्टे सङ्ख्या | जिल्लागत अंश (प्रतिशतमा) |
|---|---|---|
| कास्की | ४७ | १४.५ |
| गोरखा | ३० | ९.३ |
| तनहुँ | ५५ | १७.० |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १३ | ४.० |
| पर्वत | ५१ | १५.७ |
| बाग्लुङ | ३३ | १०.२ |
| मनाङ | ३ | ०.९ |
| मुस्ताङ | ४ | १.२ |
| म्याग्दी | १२ | ३.७ |
| लमजुङ | २६ | ८.० |
| स्याङ्जा | ५० | १५.४ |
| **जम्मा** | **३२४** | **१००.०** |


स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,२०८०

# ९. सामाजिक क्षेत्र

## शिक्षा

९.१ आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा ८.३० प्रतिशत रहेको शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०८०/८१ मा ८.५० प्रतिशत पुग्ने अनुमान गरिएको छ। त्यसैगरी, गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा ८.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ९.० प्रतिशत पुग्ने अनुमान रहेको छ।


**चार्ट ९-कः कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान (प्रतिशत)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ * प्रारम्भिक अनुमान

९.२ गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समुहको औसत साक्षरता प्रतिशत ९६.५७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको ५ वर्ष माथिको साक्षरता भने ८१.७ प्रतिशत रहेको छ।

### चार्ट ९-खः जिल्लागत साक्षरता दर (५+ उमेर समूह)




स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

### विद्यालय, विद्यार्थी र शिक्षक

९.३ शैक्षिक वर्ष २०७५ मा गण्डकी प्रदेशमा ४,३११ रहेको कुल विद्यालय सङ्ख्या शैक्षिक वर्ष २०७९ मा आइपुग्दा घटेर ४०५४ मा सिमित भएको छ। शैक्षिक वर्ष २०८० उक्त सङ्ख्या थप घटेर ४०४४ मा झरेको छ। यस बीचमा आन्तरिक बसाइसराई र कोभिड-१९ को महामारीका कारण कतिपय विद्यालय बन्द भएको र कतिपय आपसमा गाभिएकोले सङ्ख्यामा कमी देखिन आएको हो। समग्रमा आधारभूत तहमा पढाई हुने विद्यालयको तुलनामा माध्यमिक तहमा पढाई हुने विद्यालयहरूको सङ्ख्या कम रहेको छ।


### तालिका ९-क प्रदेशका विभिन्न तहका विद्यालयको विवरण (शैक्षिक सत्र अनुसार)

| अनुसार तह विद्यालय | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | ४२७३ | ४२५२ | ४३२५ | ३९४८ | ३८८९ | २०५७ |
| आधारभूत (कक्षा १-८) | ४३१६ | ४२९७ | ४३७० | ३९८१ | ३८८८ | ६३९ |
| माध्यमिक (कक्षा ९-१०) | १२६८ | १३३७ | १३८२ | १२९९ | १२९५ | ७३७ |
| माध्यमिक (कक्षा ११-१२) | ५६६ | ६१४ | ६१४ | ६०६ | ६०५ | ६११ |
| **जम्मा विद्यालय** | **४३११** | **४३१७** | **४३४९** | **३९८७** | **४०५४** | **४०४४** |

स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

९.४ प्रदेशका सबै तहका विद्यालयमा संस्थागतको तुलनामा सामुदायिक विद्यालयहरूको सङख्या बढी रहेको छ। आधारभूत (१-५) मा ९३ प्रतिशत, आधारभूत (१-८) मा ८२ प्रतिशत र माध्यामिक (९-१०) मा ६३ प्रतिशत सामुदायिक विद्यालयको हिस्सा छ भने माध्यामिक (११-१२) तहमा ८० प्रतिशत विद्यालयहरू सामुदायिक छन्।

### चार्ट ९-गः गण्डकी प्रदेशमा रहेका विभिन्न तहका विद्यालय (शैक्षिक सत्र २०८०)




स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

९.५ शैक्षिक वर्ष २०७९ मा गण्डकी प्रदेशमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीको सङ्ख्या ५ लाख ५२ हजार ५ सय ८६ रहेकोमा २०८० मा केही घटेर ५ लाख ३५ हजार ३०० मा झरेको छ। अध्ययनरत विद्यार्थीमध्ये छात्रा ४७.५० प्रतिशत र छात्र ५२.५० प्रतिशत रहेका छन्।

### तालिका ९-खः प्रदेशका विभिन्न विद्यालयमा विद्यार्थी भर्नाको विवरण (शैक्षिक सत्र अनुसार)

| विद्यालय तह | छात्रा/छात्र | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | छात्रा | १५५३८५ | १२५५७८ | १२४४३९ | ११६५३९ | ११६४१७ | ११२००० |
| | छात्र | १५५६७७ | १३७३५८ | १३६५७१ | १३२४०३ | १३३१७९ | १२९००० |
| आधारभूत (कक्षा ६-८) | छात्रा | ९५८५१ | ७८५८१ | ८०१९५ | ६९६१२ | ६९०३४ | ६७६०० |
| | छात्र | ९५८७० | ७९४७१ | ८२१२० | ७४९७४ | ७५९९८ | ७६००० |
| आधारभूत (कक्षा १-८) | छात्रा | २५१२३६ | २०४१५९ | २०४६३४ | १८६१५१ | १८५४५१ | १७९५०० |
| | छात्र | २५१५४७ | २१६८२९ | २१८६९१ | २०७३७७ | २०९१७७ | २०४९०० |
| माध्यमिक (कक्षा ९-१०) | छात्रा | ५२४४७ | ५०५६३ | ५१८२८ | ४७०३० | ४५१८० | ४२७०० |
| | छात्र | ५११५१ | ४९६७४ | ५०९७२ | ४७६२९ | ४६३९५ | ४४८०० |

| विद्यालय तह | छात्रा/छात्र | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|---|
| माध्यमिक (कक्षा ११-१२) | छात्रा | ४०१६० | ३६०६९ | ३६१६१ | ३७६८१ | ३३७५१ | ३२२०० |
| | छात्र | ३७८२९ | ३५३५२ | ३५३९६ | ३६४८३ | ३२६३२ | ३१००० |
| माध्यमिक (कक्षा ९-१२) | छात्रा | ९२६०७ | ८६६३२ | ८७९८९ | ८४७११ | ७८९३१ | ७५००० |
| | छात्रा | ८८९८० | ८५०२६ | ८६३६८ | ८४११२ | ७९०२७ | ७५८०० |
| जम्मा विद्यार्थी | छात्रा | ३४३८४३ | २९०७९१ | २९२६२३ | २७०८६२ | २६४३८२ | २५४५०० |
| | छात्र | ३४०५२७ | ३०१८५५ | ३०५०५९ | २९१४८९ | २८८२०४ | २८०७०० |
| | जम्मा | ६८४३७० | ५९२६४६ | ५९७६८२ | ५६२३५१ | ५५२५८६ | ५३५३०० |

स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

९.६ गण्डकी प्रदेशमा आधारभूत तहको तुलनामा माध्यमिक तहको खुद विद्यार्थी भर्नादर तुलनात्मक रूपमा न्यून रहेको छ। यद्यपी, पछिल्ला वर्षहरूमा माध्यमिक तहको खुद भर्नादरमा क्रमशः सुधार आएको छ।


### तालिका ९-गः गण्डकी प्रदेशमा तहगत खुद विद्यार्थी भर्नादर (शैक्षिक सत्र अनुसार)

| तह अनुसार विद्यालय | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|
| आधारभूत तह (१-५) | ९६.० | ९७.१ | ९७.८ | ९६.९४ | ९७.० | ९५.४ |
| आधारभूत तह (६-८) | ९४.३ | ९५.६ | ९६.३ | ९७.०७ | ९७.७ | ९४.६ |
| आधारभूत तह (१-८) | ९५.१ | ९६.४ | ९७.० | ९७.० | ९७.१० | ९५.१ |
| माध्यामिक तह (९-१०) | ७०.८ | ७२.१ | ७३.५ | ७३.०५ | ७९.६६ | ७७.१ |
| माध्यामिक तह (११-१२) | २३.७ | २५.३ | ३१.९ | ३३.९६ | ३५.१६ | ४०.६ |
| माध्यामिक तह (९-१२) | ४७.२ | ४८.७ | ५२.७ | ५३.५ | ५७.४१ | ५८.८ |

स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

९.७ गण्डकी प्रदेशका सबै तहका विद्यालयमा संस्थागतको तुलनामा सामुदायिक विद्यालयहरूमा भर्ना हुने विद्यार्थीको अनुपात बढी रहेको छ। कुल विद्यार्थीको एक तिहाई (३३ प्रतिशत) संस्थागत विद्यालयमा भर्ना हुने गरेको र बाँकी (६७ प्रतिशत) सामुदायिक विद्यालयमा भर्ना भएका छन्।

### चार्ट ९-घः प्रदेशगत रूपमा संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (शैक्षिक सत्र २०८०)




स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०

९.८ अझै पनि सामुदायिक विद्यालयहरूमा कार्यरत अस्थायी तथा राहत कोटामा कार्यरत शिक्षकहरूको सङ्ख्या ठूलो देखिन्छ। २०८० र २०७९ मा गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा कार्यरत सबै प्रकारका शिक्षकको सङ्ख्या बराबर २२ हजार १ सय १९ रहेको छ।

### तालिका ९-घः सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण (शैक्षिक वर्ष अनुसार)

| तह | दरबन्दी | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | स्थायी | ७८९७ | ७८९७ | ११८४७ | १०६६२ | ११५१४ | ११५१४ |
| | अस्थायी | ४७९२ | ४८९३ | ८५० | २०३५ | १३०४ | १३०४ |
| | राहत | १४९९ | १५३५ | १६१५ | १६१५ | १५३५ | १५३५ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | २२३७ | २२३७ | २६०१ | २४४१ | २३४८ | २३४८ |
| | अस्थायी | ४८० | ४८० | २२१ | ३८१ | ३६९ | ३६९ |
| | राहत | १०७३ | १०८८ | १०७३ | १०७३ | १०८८ | १०८८ |
| आधारभूत (कक्षा ९-१०) | स्थायी | २०४८ | २०७२ | २१०९ | २२०९ | २०५२ | २०५२ |
| | अस्थायी | १४७ | १४७ | २९६ | १९६ | १६७ | १६७ |
| | राहत | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ | ८७९ |
| माध्यमिक (कक्षा ११-१२) | स्थायी | - | - | - | - | - | - |
| | अस्थायी | २५७ | ३३७ | ७५२ | ७५२ | ७५२ | ७५२ |
| | राहत | ५८५ | ६०३ | ७३६ | ७३६ | ६०६ | ६०६ |

| तह | दरबन्दी | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|---|
| माध्यमिक (कक्षा १-१२) | स्थायी | १२१८२ | १२२०६ | १६५५७ | १५३१२ | १५९१४ | १५९१४ |
| | अस्थायी | ५६७६ | ५८५७ | १६२४ | २८६९ | २०९७ | २०९७ |
| | राहत | ४०३६ | ४१०५ | ४२०४ | ४२०४ | ४१०८ | ४१०८ |
| जम्मा | | २१८९४ | २२१६८ | २२३८५ | २२३८५ | २२११९ | २२११९ |

स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

९.९ गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा प्रति शिक्षक विद्यार्थी अनुपात अन्य तहको तुलनामा धेरै रहे पनि पछिल्ला वर्षहरूमा सुधार हुँदै आएको छ। शैक्षिक वर्ष २०७५ मा माध्यमिक तह (कक्षा ११-१२) मा प्रति शिक्षक विद्यार्थी अनुपात ७७ रहेकामा शैक्षिक वर्ष २०७९ मा यो अनुपात ५९ र २०८० मा ७३ पुगेको छ। अन्य तहको शिक्षक विद्यार्थी अनुपात स्वभाविक नै रहेको छ।

### तालिका ९-ङः सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात (शैक्षिक सत्र अनुसार)

| विवरण | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | १३ | ११ | १३ | १३ | ११ | १७ |
| आधारभूत तह (कक्षा ६-८) | ३४ | २९ | ३३ | २१ | २७ | ३८ |
| माध्यमिक तह (कक्षा ९-१०) | २५ | २४ | २७ | १५ | २३ | २८ |
| माध्यमिक तह (कक्षा ११-१२) | ७७ | ५४ | ५५ | ३९ | ५९ | ७३ |

स्रोतः नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०८०

## धार्मिक विद्यालय

९.१० गण्डकी प्रदेशमा विभिन्न धार्मिक शैक्षिक संस्थाहरू रहेका छन्। प्रदेशमा रहेका ५४ धार्मिक विद्यालयमध्ये २३ गुरुकुल, १३ गुम्बा विद्यालय तथा १८ मदरसा रहेका छन्। यी विद्यालयमा विभिन्न तहमा गरी ३४९ छात्रा र २११७ छात्र गरी कुल २४६६ विद्यार्थी अध्ययनरत छन्। धार्मिक विद्यालयमध्ये क्रमशः गुरुकुल, गुम्बा र मदरसामा धेरै विद्यार्थी रहेका छन्।

### तालिका ९-चः गण्डकी प्रदेशमा रहेका धार्मिक विद्यालय र विद्यार्थी सङ्ख्या

| विद्यालय | सङ्ख्या | कक्षा १-५ | | कक्षा ६-८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | |
| गुरुकुल | २३ | ३७ | ७६ | २३ | ५८४ | ८ | २८४ | १ | १९७ | १२१० |
| गुम्बा विद्यालय | १३ | ६८ | ४९८ | १४ | १२५ | ५ | ४२ | ० | ० | ७५२ |
| मदरसा | १८ | १९३ | ३११ | ० | ० | ० | ० | ० | ० | ५०४ |
| **जम्मा** | **५४** | **२९८** | **८८५** | **३७** | **७०९** | **१३** | **३२६** | **१** | **१९७** | **२४६६** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, २०८०

## उच्च शिक्षा

९.११ गण्डकी प्रदेशमा ३ विश्वविद्यालय, १७ आङ्गिक क्याम्पस, ८३ सामुदायिक क्याम्पस तथा ५२ निजी गरी कुल १५२ उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्थाहरू रहेका छन्। शैक्षिक वर्ष २०८० मा प्रदेशका विभिन्न उच्च शैक्षिक संस्थामा अध्ययनरत कुल ३९ हजार १ सय ८५ विद्यार्थी भर्ना भएका थिए।

९.१२ शैक्षिक वर्ष २०८० कुल विद्यार्थी भर्ना सङ्ख्यामा २३ प्रतिशतले वृद्धि भइ ४८ हजार २ सय ३८ पुगेको छ। संकायगतरुपमा सबैभन्दा धेरै विद्यार्थी व्यवस्थापन संकायमा अध्ययनरत छन्।स्नातक तहमा अध्ययनरत विद्यार्थीको तुलनामा स्नातकोत्तर तहमा कम र विद्यावारिधि गर्दै गरेका विद्यार्थी ज्यादै न्यून रहेका छन्।

### तालिका ९-छः प्रदेशका उच्च शिक्षा अध्ययन गराउने शैक्षिक संस्था र विद्यार्थी भर्ना विवरण

| संकाय | स्नातक तह | | स्नातकोत्तर तह | | विद्यावारिधी | | कूल जम्मा | | २०८० कुल विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| कृषि | २९५ | २७७ | | | | | २९५ | २७७ | ६०५ |
| शिक्षाशास्त्र | १५७६ | ७५८६ | | | | | १५७६ | ७५८६ | १०९९४ |
| इञ्जिनियरिङ | २५८५ | ६०० | १४८ | २४ | | | २७३३ | ६२४ | ४२२३ |
| बनविज्ञान | ४५ | ५१ | | | | | ४५ | ५१ | ० |
| मानविकी तथा समाजशास्त्र | ९२७ | ८२६ | २५३ | १६२ | १५ | २ | ११९५ | ९९० | २७२२ |
| कानून | २१८ | १३६ | | | | | २१८ | १३६ | ७०८ |
| व्यवस्थापन | ५३३४ | ११५४५ | ८४९ | १०१३ | ७ | ३ | ६१९० | १२५६१ | २२९०१ |
| मेडिसिन | ९३२ | १५५० | १२१ | ९५ | | | १०५३ | १६४५ | २९७४ |
| विज्ञान तथा प्रविधि | ७१६ | ७५८ | १११ | २८ | | | ८२७ | ७८६ | २७६९ |
| संस्कृत | ३२९ | ५३ | १५ | ० | | | ३४४ | ५३ | ३४२ |
| **जम्मा** | **१२९५७** | **२३३८२** | **१४९७** | **१३२२** | **२२** | **५** | **१४४७६** | **२४७०९** | **४८२३८** |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, २०८०

९.१३ शैक्षिक वर्ष २०८० विभिन्न संकायका स्नातक तहमा सबैभन्दा धेरै ४४ हजार ९ सय ८३ विद्यार्थी अध्ययनरत रहेका छन्। यस्तै, स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी ३२४३ छन् एमफील तहमा जम्मा १२ जना रहेका छन्।

## गण्डकी विश्वविद्यालय

९.१४ २०७६ सालमा विश्वविद्यालय स्थापना भए पश्चात् शैक्षिक वर्ष २०७८/७९ देखि स्नातक तहको ४ वर्षीय ३ संकाय सञ्चालनमा रहेका छन्। २०८० फागुनसम्म ३ संकाय अन्तर्गत ५ स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेका छन्।

### तालिका ९-जः गण्डकी विश्वविद्यालयमा सञ्चालित कार्यक्रम र विद्यार्थी सङ्ख्या

| संकाय | सञ्चालित कार्यक्रम | विद्यार्थी सङ्ख्या | क्रेडिट आवर |
|---|---|---|---|
| विकास तथा व्यवस्थापन | Bachelor in Sports Management | ३५ | १५६ |
| | Bachelor of Business Administration | ५३ | १२० |
| | Bachelor of Arts and, Bachelor of Law | ८८ | १९० |
| चिकित्सा विज्ञान संकाय | Bachelor of Pharmacy | ३३ | १६८ |
| विज्ञान तथा प्रविधि | Bachelor of Information Technology | १०४ | १३८ |
| **जम्मा** | | **३१३** | |

स्रोतः गण्डकी विश्वविद्यालय, २०८०

## प्राविधिक शिक्षा

९.१५ गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त गरी सञ्चालित आङ्गिक शिक्षालयहरू ११, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित ३४, साझेदारीमा सञ्चालित ७ र निजी १२ गरि कुल ६४ डिप्लोमा तहको अध्यापन गराउने संस्थाहरू सञ्चालित छन्।

९.१६ प्रि-डिप्लोमा तहको पठनपाठन सञ्चालन गर्ने कुल संस्थाहरूको सङख्या गण्डकी प्रदेशमा ४२ रहेको छ। ति मध्ये परिषदका आङ्गिक शिक्षालयहरू ३, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालित ३० र निजी क्षेत्रबाट सञ्चालित ९ संस्थाहरू छन्।

## तालिका ९-झः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त संस्थाहरू

| कार्यक्रम | आङ्गिक शिक्षालय | सामुदायिक विद्यालयमा | सामुदायिक साझेदारीमा | सम्बन्धन प्राप्त | जम्मा |
|---|---|---|---|---|---|
| प्रिडिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | ३ | ३० | ० | ९ | ४२ |
| डिप्लोमा कार्यक्रम सञ्चालित संस्थाहरू | ११ | ३४ | ७ | १२ | ६४ |
| **जम्मा संस्थाहरू** | **१४** | **६४** | **७** | **२१** | **१०६** |

स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०८०

९.१७ शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा सम्बन्धीत स्थानीय तहबाट अनुमति पाएका कक्षा ९-१२ मा प्राविधिक धारमा सञ्चालित विद्यालय ५२ रहेका छन्।

## तालिका ९-ञः प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय (कक्षा ९-१२) को विद्यार्थी विवरण*

| प्राविधिक धार | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| इञ्जिनियरिङ विषय | ९०७ | १४५२ | २३५९ |
| कृषि विषय | १०२४ | ९९८ | २०२२ |
| **जम्मा** | **१९३१** | **२४५०** | **२०२२** |

स्रोतः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी, २०८०　　　　*शैक्षिक सत्र २०७९

९.१८ शैक्षिक वर्ष २०७९ मा गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरूमा डिप्लोमा तहमा भर्ना विद्यार्थी सङ्ख्या कुल २४५२ रहेकोमा २०८० मा ३२०० पुगेको छ। प्रि-डिप्लोमा तहमा विभिन्न विषयमा अध्ययनरत १९ ६० गरी कुल ५१६० विद्यार्थी भर्ना भएको देखिन्छ।

